साप्ताहिक

गोरखा एक्सप्रेस अनलाइनमा
www.nepaltoday.com.np

# गोरखा एक्सप्रेस

GORKHA EXPRESS NATIONAL WEEKLY

माटोवादीहरुको साझा पत्रिका

वर्ष ४३ अंक २४ २०८१ माघ १ गते मंगलबार (Jan.14, 2025) मूल्य रू. १०/-

## एकता दिवसमा लोकतन्त्रवादी




पृथ्वी जयन्ती / राष्ट्रिय एकता दिवसलाई अछुतो मान्नेहरु बिस्तारै नतमस्तक हुनथालेका छन् । राष्ट्रपति, प्रधानमन्त्री, अन्य नेताहरुले एकता दिवसमा सहभागी भएर एकताको सन्देश दिन थालेका छन् । जसले नेपाल निर्माण गऱ्यो, उसले जातीय, भेगीय विविधतामा एकताको सन्देश दिइरहेको छ । राप्रपाले यति ठूलो जुलुस निकाल्यो कि संवैधानिक राजतन्त्र र हिन्दुराष्ट्र पुनर्स्थापना गर्न यस्तो जुलुस निकाल्न सकेको भए राष्ट्रले यति दुःख पाइरहनुपर्ने थिएन । जेहोस्, एकताको सन्देश लोकतन्त्रवादीले माने, राप्रपा त अनुयायी नै भइहाल्यो । पूर्वराजाले भनेझैं अब एकताको बिकल्प छैन ।

## नेपालको कानमा मृत्युघण्ट बज्यो

कांग्रेस सभापति देउवा ५ पटक, एमाले अध्यक्ष केपी ओली ३ पटक, माओवादी अध्यक्ष प्रचण्ड ३ पटक, बाबुराम भट्टराई, माधव नेपाल, झलनाथ खनाल एक एक पटक प्रधानमन्त्री भए । बिगत १८ वर्षमा १४ सरकार बने । कसैले पनि अर्थपूर्ण काम गर्न सकेनन्, सबैले देशलाई खोक्रो पारे । अझै यिनीहरू सत्ताका लागि छिनाझप्टी गरिरहेका छन् । राजनीतिको केन्द्रमै छन् । यिनीहरूले देश र जनतालाई दिन खोजेको के हो ? लोकतन्त्र, संविधान, संसद सरकार फेल भइसक्यो, यिनीहरू सत्तातिरै लागेका छन् ।

नेपालको कमसल परराष्ट्रनीतिका कारण भएका मित्रहरूले विश्वास गर्न छाडिसके । भूराजनीतिक मैदानमा विश्वशक्ति छिरिसके, चीन र अमेरिकाको सम्बन्ध चिस्सिदै गएको देखिन्छ । भारतको दबदबा कायमै छ । रूस अग्रसर भइसकेको छ । यस्तो बिचल्ली अवस्थामा नेपाल कसरी सुरक्षित रहन सक्छ ? शक्ति राष्ट्रहरूको क्रसफायरबाट नेपाल कसरी बच्ने ? यसका लागि नेपालको असंलग्ननीति किन सकृय पारिएन ?

## रविको राजनीतिक जीवन धरापमा




राजनीति सुधार्न रास्वपा खोलेका र जनविश्वास जित्न सफल भएका रवि लामिछाने राजनीतिमा लाग्नुपूर्वका कामकारवाहीले संकटमाथि संकट झेलिरहेका छन् ।

पोखराको सूर्यदर्शन सहकारीको मुद्दामा ६५ लाख धरौटीमा छुटेका रवि काठमाडौंको प्रहरी खोरमा छन् । स्वर्णलक्ष्मी सहकारीको बचत दुरूपयोग मुद्दामा बहस हुँदैछ । काठमाडौंपछि बुटवल सुप्रिम सहकारी ठगी, चितवनको सहारा र वीरगञ्जको सानो पाइला सहकारी ठगीको मुद्दा झेल्नुपर्नेछ । रवि लामिछानेले गोरखा मिडियामा रहँदा खर्च गरेको र लगानीका कारण उनको अदालत संघर्ष धेरै लामो हुने देखिन्छ ।

८७ अर्वको सिधै सहकारी ठगी भएको छ । त्यसमध्ये ६५ करोडको ठगीमा रवि लामिछानेलाई फसाउने र उनको राजनीतिक जीवन समाप्त पारिदिने ठूला पार्टीको षडयन्त्र हो भनिदैछ । खासमा साना बचतकर्ताको बचत फिर्ता र ठूला सहकारी ठगहरूले किन उन्मुक्ति पाइरहेका छन् भन्ने सवालको जवाफ सरकारसँग छैन ।

# लुम्बिनी घुम्नैपर्ने ९औं स्थानमा

सन २०२५ मा घुम्नै पर्ने विश्वका ५२ स्थानको सूची न्यूयोर्क टाइम्सले सार्वजनिक गरेको छ । यो सूचीमा लुम्बिनी ९औं स्थानमा परेको छ ।

गौतमबुद्धको जन्मस्थल लुम्बिनी विश्व सम्पदा सूचीमा सूचीकृत छ । यही स्थानलाई न्यूयोर्क टाइम्सले यो वर्ष घुम्नैपर्ने ५२ स्थानमध्ये नवौं स्थानमा राखेर प्रचार गरेको छ । नेपालका लागि यो गौरवका विषय हो भने पर्यटन प्रवर्द्धनका लागि ठूलै उपलब्धि पनि हो ।

नेपाल टुरिज्म बोर्डले कागजी प्रचारका लागि करोडौं खर्च गर्ने गरेको छ । यसैगरी पर्यटन मन्त्रालयले पनि प्रचारमा खर्च गर्ने गरेको छ । तर न्यूयोर्क टाइम्सले प्रभावकारी रूपमा विश्वभरि नेपालको लुम्बिनीको प्रचार गरिदिएको छ । हालै न्यूयोर्क टाइम्सले सार्वजनिक गरेको गन्तव्यको ताजा सूचीले लुम्बिनीलाई विश्वभर चिनाउन र सम्झाउन मद्दत गरेको छ । विश्वभरिका पर्यटक र आन्तरिक पर्यटन प्रवर्द्धनमा समेत यो प्रचारले सकारात्मक सन्देश प्रवाह गरेको छ । लुम्बिनी विकास कोषका अनुसार न्यूयोर्क टाइम्सले लुम्बिनीलाई नवौं गन्तव्य सूचीमा राख्नु नेपालकै लागि ठूलो उपलब्धि हो ।

गतवर्ष लुम्बिनीमा ११ लाख पर्यटकले भ्रमण गरेका थिए । न्यूयोर्क टाइम्सले सूची प्रकाशित गरेपछि शान्तिको खोजमा रहेका, बौद्ध बौद्ध धर्मावलम्बी भएका देशबाट मात्र नभइ पर्यटनमा रमाउने र खोजमा लाग्नेहरूका लागि समेत लुमिब्नी आकर्षक स्थान रहने पक्का छ ।

लुम्बिनी अब धार्मिक र सांस्कृतिक धरोहरमात्र रहेन, पर्यटन धरोहरका रूपमा पनि केन्द्रविन्दुमा पर्न सफल भएको छ । लुम्बिनी क्षेत्र र भैरहवा अन्तर्राष्ट्रिय विमानस्थलका कारणले पनि ठूलो लगानी भइरहेको स्थितिलाई मध्यनजर गर्दा दुबै क्षेत्रमा पर्यटकको आगमन बढ्ने र अर्थतन्त्रमा पनि सघाउ पुग्ने देखिन्छ । त्यस क्षेत्रमा लगानी गर्ने लगानीकर्ताहरू न्यूयोर्क टाइम्सको यो प्रचारले निकै हौसिएको अवस्था पनि रहेको छ ।

द न्यू योर्क टाइम्सको २०२५ को यात्रा गन्तव्य सूचीमा लुम्बनीबारेमा यसको ऐतिहासिक र आध्यात्मिक महत्त्व दर्साएर विशेष स्थानको रूपमा व्यापक वर्णन गरिएको छ । लुम्बिनी बुद्धको जन्मस्थल भएको र यो क्षेत्र नै रमणीय रहेको रूपमा पनि उल्लेख गरिएको छ । संकटमा परिसकेको थियो बुद्ध जन्मस्थल लुम्बिनी । नेपालका अनेक बौद्धमागीहरूले बोधिबृक्ष भन्दै पिर्का बनाएर बौद्धमार्गीलाई बेचेर पैसा



कमाए । विश्व घुम्ने अवसर पनि लुटे । जेहोस्, बुद्धजन्मथलो विश्वआकर्षण बन्यो । बुद्धको जीवनकाल ५६३ इशापूर्व देखि ४८३ इशापूर्व रहेकोमा एकमत छ । प्रख्यात चिनीया धार्मिक यात्रु हुयान साङ्ग र फाइह्यानले बुद्ध जन्मेको स्थल पृथ्वीको स्वर्गको रूपमा लिन सकिने वर्णन गरेका छन् । सन् १८९६ मा मौर्य सम्राट अशोकद्धारा राखिएको ब्रम्हलिपिमा लेखिएको अभिलेखसहितको अशोक स्तम्भ यहीँ छ । सुरूमा राणा प्रधानमन्त्री वीर शमशेरका भाइ खड्ग शमशेरले लुम्बिनीको उत्खनन गराउँदा अभिलेख भेटिएको थियो । यो स्थान बुद्ध जन्मथलो हो भन्ने तथ्य स्थापित हुनपुग्यो । पछि जर्मन नागरिक डा. फुहररले उक्त स्थानमा कुँदिएको अभिलेख प्रकाशित गराएका थिए । विश्वले माने पनि भारतले बुद्ध भारतका भनेर कुप्रचार गरिरहेको थियो, त्यो पनि अब स्पष्ट भएको छ ।

## किन निम्त्यायो शेखरलाई बेलायतले ?



नेपाली कांग्रेसका नेता शेखर कोइरालालाई बेलायतले संसदमै सहभागिता जनाएर अभिव्यक्ति दिन निम्त्याएपछि नेपाली राजनीतिमा तरङ्ग उठेको छ । किन बोलायो शेखरलाई नै बेलायतले ? कांग्रेसभित्र पनि चर्चा छ ।

शेखर बेलायत पुगेका छन्, दूतावासले अन्तरकृया कार्यक्रम पनि सम्पन्न गरिसकेको छ । शेखरले बेलायत सरकारसँग भूपू गोर्खा सैनिकको असमान पेन्सन मुद्दाका बारेमा बेलायत सरकारका मन्त्रीहरूसँग कुरा गर्ने जानकारी दिएका छन् । बेलायत नेपालको सबैभन्दा पुरानो मित्र भएकाले नेपालको कुरालाई गम्भीरतापूर्वक लिने र नेपालको वस्तुस्थिति विश्वरंगमंचमा उठाइदिने शेखरको विश्वास छ ।

नेपाल सरकारले संविधानको व्यवस्था अनुसार गैर नेपालीलाई आवासीय नागरिकता प्रदान गर्न सुरू गरे पनि त्यो कागजको खोस्टो भएको बताए ।

कोइरालाले जलवायु परिवर्तनका कारण नेपालले व्यहोर्नु परिरहेको समस्यामा सहयोग गर्न पनि बेलायत सरकारलाई आग्रह गरे । कोइरालाले संक्रमणकालीन न्यायसम्बन्धी विधेयक पारित गरेको भएपनि पदाधिकारीहरू नियुक्तिलाई अन्तर्राष्ट्रिय समुदायले हेरिरहेको बताएका थिए । बेलायती संसदको उद्योग, परराष्ट्र, व्यापारलगायतका विषयका बैठकमा निम्त्याइनुलाई नेपालको राजनीतिमा बेलायतले रिथिङ्क गर्न थालेको हो कि ? स्मरण रहोस्, आन्तरिक रूपमा कांग्रेस अधिवेशनको मुखमा छ, एमालेसँगको सत्ता सहकार्यबारे कांग्रेसमा असन्तुष्टि चुलिएको छ ।

## भारतलाई ब्रम्हपुत्रको पानीको चिन्ता



*प्रेम सागर पौडेल*
*अध्यक्ष- नेपाल-चाइना म्यूचुअल कोअपरेशन सोसाइटी*




चीनले तिब्बतका ***यार्लुङ स्याङ्पो नदीमा बनाउन थालेको जलविद्युत आयोजना***को बिषयमा भारतमा मात्र होइन नेपालमा पनि बिरोधका स्वरहरू सुन्न थालिएको छ । भारतमा ब्रह्मपुत्र र बंगलादेशमा जमुनाका नामले चिनिने यार्लुङ स्याङ्पो नदी नेपालको बेसिनमा पर्दैन। नेपाल गण्डक बेसिन पर्ने भएपनि नेपालमा रहेर अमेरिकाको पक्षमा काम गर्नेहरू यो आयोजनाको बिरोधमा देखिएका छन् । अर्कोतर्फ भारतको पक्षमा काम गर्नेहरूको चासो भने भारतीय चिन्तासँग जोडिएको छ । चीनले सुरू गरेको यो जलविद्युत आयोजना विश्वकै दोस्रो ठूलो हो । यो विश्वचर्चित बनेको छ ।

चीनसँग तल्लो तटीय क्षेत्रको हितमा माथिल्लो तटीय क्षेत्रले ख्याल गर्नु पर्ने भारतको चिन्ता र चासो रहेको देखिन्छ। आयोजनाले बनाउने बाँधका कारण पर्न सक्ने प्रभावका बिषयमा भारतको चिन्ता रहेको भन्ने देखाउने बिषय हो । यो भन्दा भित्र पसेर हेर्दा भारतमा पानीको महत्वपूर्ण स्रोतको रूपमा रहेको ब्रह्मपुत्रको पानी चीनले अन्यत्रै लगिदिन्छ कि भन्नेमा भारत बढि चिन्तित रहेको छ । भारतमा अहिले पनि स्वच्छ खानेपानीको अभाव छ । खानेपानीको अभाव आपूर्तिका लागि भारतले लामो समय देखि नेपालसँग महाकाली सन्धिलाई अगाडि बढाउन चाहेको छैन ।

नेपालको अर्को नदि कालीगण्डकीबाट बिहारमा बग्दै गरेको पानीलाई डाइभर्सन गरेर उत्तर प्रदेशमा लैजाने आयोजनाको नेतृत्व नेपालका अर्थमन्त्री बिष्णु पौडेलले गर्दैछन् । यो आयोजना अन्तर्गत कालीगण्डकीको पानी त्रिवेणी नदीमा खसालेर रूपन्देही र कपिलवस्तुमा सिचाइ गर्ने बताइएको छ । नेपालको यो क्षेत्रमा बढ्दो सहरीकरणका कारण सिंचाइको आवश्यकता कम हुँदै गएको छ । नेपालका नदिलाई एकलौटि रूपमा प्रयोगको अधिकार सुरक्षित गरेको भारतलाई चीनको पछिल्लो निर्णयले भने टाउको दुखाएको छ । यो टाउको दुखाईमा बंगलादेश पनि रहेको देखिन्छ । बंगलादेशलाई भारतले भित्र भित्रै अगाडि बढाइरहेको नदी जोड्ने परियोजनाको कारण यार्लुङ स्याङ्पोमा बन्ने जलविद्युत आयोजनाभन्दा बढि असर पर्ने देखिन्छ ।

पश्चिमाहरू खास गरी अमेरिकनहरू यो आयोजनाको बिरोधमा उभिएर भारतलाई आफ्नो प्रभाव क्षेत्रमा पार्न चाहन्छन् भने आयोजना निर्माणको समयमा तिब्बतीयनहरूको मानवअधिकार उल्लंघनका बिषय निकालेर तिब्बतमा पस्ने बाटो खोज्दैछन् । यो आयोजना सार्वजनिक भएसँगै पश्चिमाहरूले चीनले तिब्बतमा रहेका हिमायलन क्षेत्रको बुद्धिष्ट सम्पदामाथि असर पारेको आरोप लगाउन खोज्दैछन् । चीनसँग नजिकिदै गएको भारतलाई यो बिषयले चीनबाट फेरी टाढा लैजान सकिन्छ कि भन्ने सोंच समेत उनीहरूमा रहेको छ । नेपालमा भने यो आयोजनाको असर पर्ने छैन । तर, पनि यसको बिषयमा नेपालमा बहस हुन थालेको छ ।

## फेरि हारगुहार

इजरायली राजदूत निकै आशावादी थिए, आशा जगाएका थिए, हमासले रिहा गर्न लागेको सूचीमा विपिन जोशीको नाम नपरेपछि सरकारले उनको रिहाइका लागि मध्यस्थ गरिदिन कतार र



इजिप्टसँग सरकारको आग्रह गरेको छ ।

हमास अतिवादी समूहको नियन्त्रणमा रहेका भनिएका लर्न एण्ड अर्न कार्यक्रममा विपिन जोशी इजरायल गएका थिए । उनको सकुशल रिहाइका लागि अनेक प्रयास भएका छन्, प्रयास सफल भइरहेको छैन । यहीबेला फेरि निराशाजनक खबर आएको छ ।

परराष्ट्र मन्त्रीले रिहा हुनलागेका ३४ मा विपिन नपरेपछि फेरि पनि इजिप्ट र कतारका राजदूतलाई गुहारेकी हुन् ।

इजिप्ट र कतारका राजदूतले सकारात्मक जवाफ दिए भने इजरायली राजदूत समुलिक बासले पनि सकारात्मक जवाफ दिएका थिए । तर विपिन जोशीको अवस्था स्पष्ट भएको छैन ।

## वामदेवलाई माधवले पनि पत्याएनन्




वामदेव गौतमले एमाले प्रवेश गर्न खोजेका थिए, अध्यक्ष केपी ओलीले पत्याएनन् । त्यसपछि नेकपा स मा प्रवेश गर्न माधव नेपालसँग नजिकिएका वामदेव गौतमलाई उनले पनि मागे अनुसारको जिम्मेवारी दिएर भित्र्याउन चाहेनन् । यसपछि वामदेव गौतम ओल्लो किनार न पल्लो तीर हुनपुगेका छन् । वामदेव गौतमको राजनीति फेरि संकटापन्न हुनपुगेको छ ।

वामदेव गौतम **नेकपा एकता राष्ट्रिय अभियान**का संयोजक हुन् । बामदेव सहितको पूरा टिम नै नेकपा स मा प्रवेश गर्ने विषय संगठन विभागको जिम्मेवारी बाधक बन्नपुगेको छ । वामदेव गौतमले प्रवेशको सर्तका रूपमा संगठन विभागको जिम्मेवारी र तेस्रो बरियता मागेका थिए । जसलाई नेकपा स ले दिन नसकिने जनाएको छ । यद्यपि बरियताभन्दा पनि संगठन विभाग नै दिनका लागि स्वयम् अध्यक्ष नेपालले चाहेनन् ।

वामदेव र उनको टिम पानीमाथिको ओभानो हुनका लागि सैद्धान्तिक, वैचारिक र संगठनिक विषयहरू टुंगिन बाँकी रहेको भनिरहेका छन् । एकता तुहिएको नेकपा स का नेताहरूले खुलासा गरिरहेका छन् । नेकपा स एमालेबाट टुक्रिएको हाँगापार्टी हो ।

अर्को नेकपा स का नेताले बताएअनुसार वामदेवको एकता राष्ट्रिय अभियानसँग एकता गर्ने कि नगर्ने भन्ने विषय टुंग्याउन बसेको बैठक नै निर्णयमा पुग्न सकेन । अभियानका महासचिव डीबी कार्कीले एकीकृत समाजवादीसँग एकता प्रक्रियाबारे गम्भीर छलफल भएको र आफूहरू एकताको पक्षमा रहेको जानकारी दिइरहेका छन् । यद्यपि यो एकता नहुने भएपछि वामदेव गौतमले ५ सदस्यीय वामपन्थी एकताको बहस अघि बढाउने वार्ता समिति गठन गरेका छन् । यसबाट थाहा हुन्छ, वामदेव गौतम फेरि माछा माछा भ्यागुतोको नियतिमा फरेका छन् । एकताको प्रयासमा पूर्णविराम लागेको छ ।

वामदेव गौतमका सहयात्रीहरू के कारणले एकता हुनसकेन भन्ने विषय पछि थाहा पाइहाल्नुहुन्छ भन्न थालेका छन् । नेकपा सका अध्यक्ष माधवकुमार नेपालले मन खोलेर स्वागत गर्न र मागेअनुसारको संगठन विभाग नदिनुले एकता भाँडिएको निश्चित हो । नेकपा ए स का नेताहरू भने वामदेव गौतमको निर्णय पर्खेर बसेको भन्छन् । वामदेव गौतम संगठन बिभाग नपाए एकीकरणमा नजाने बरू वाम एकतातिर लाग्ने भन्दैछन् ।

# भ्रष्टाचारविरुद्धको मन्त्र



वरं मौनं कार्यं न च वचनमुक्तं यदनृतं
वरं क्लैव्यं पुंसां न च परकलत्राभिगमनम्।
वरं प्राणत्यागो न च पिशुनवाक्येष्वभिरूचि-
र्वरं भिक्षाशित्वं न च परधनास्वादनसुखम्॥

भावार्थ

असत्य वा झुटो वचन बोल्नु भन्दा मौन रहनु वा चुप लागेर बस्नु राम्रो, परस्त्रीगमन गर्नु भन्दा पुंस्त्वहीन वा नपुंषक हुनु राम्रो, धूर्त वा फटाहाका कुरामा रूचि लिएर उसका कुरा सुन्दै, अनुशरण गर्दै हिड्नु भन्दा प्राणत्याग गर्नु राम्रो, अरूको धनबाट स्वादिलो भोजन गर्नु, मोजमस्ती गर्नु भन्दा भिक्षा मागेर खानु राम्रो हुन्छ । (हितोपदेश १/१३७)

यो जानकारी : संसदीय समिति, सबै सांसदहरूलाई, सबै सरकारी कार्यालयमार्फत कर्मचारीलाई समेत कण्ठ हुनेगरी सभामुखले जानकारी दिने हो भने भ्रष्टाचारमा शून्यता हुनेछ ॥ *- धर्मराज बराल*

# सुदूरपश्चिम पहाडको व्यथा
## श्रीमान भारत जान्छन्, उतै हराउँछन्

अछाम । धन कमाउन भारत छिरेका श्रीमान् चार बर्षदेखि वेपत्ता भएपछि साँफेबगर नगरपालिका-९ का बसुन्धरा रावललाई घर ब्यवहार चलाउन साह्रै गाह्रो भएको छ । परिवारको लालनपालन गर्दै आएका श्रीमान् मीन बहादुर रावल बेपत्ता



भएपछि बसुन्धरालाई श्रीमान गुमाउनुपरेको पिडा मात्र हैन, चार छोरा र दुई छोरीको जिम्मेबारीले पनि थिचेको छ ।

आयस्रोत केही नभएपछि उनले दुई छोरालाई पनि पढाई छुटाएर यसै बर्ष धन कमाउन भारत पठाएकी छन् । 'श्रीमानको अत्तोपत्तो छैन, खोजी गर्नु भन्दा छाक टार्नलाई मुस्किल पर्यो, बसुन्धराले भनिन्- 'चिन्ताले मर्नं न बााच्नु भएकी छु ।' मीनबहादुरले पटक-पटक गरी ४५ बर्षको उमेरसम्म करिब २० बर्ष भारतमा काम गरेर बिताए । पछिल्लो पटक वि.स.२०६८ साउन १७ गते घर फर्किंदै छु भनेर फोन गरेका उनी अहिलेसम्म घर आइपुगेका छैनन् । 'यताबाट निस्किए है भनेर फोन गर्नुभएको थियो आज सम्म घर पुग्नु भा छैन' बसुन्धराले सुनाईन्- 'हामी बाटो हेर्दा हेर्दा थाकिसक्यौ ।' सााफेबगरकै पदमादेबि कावरले पनि श्रीमान मनिराज वेपत्ता हुादा घर व्यवहार चलाउन नसकेर जेठो छोरालाई कक्षा ८ को पढाई छुटाएर धन कमाउन भारत पठाएकी छन् । 'पाँच छोराछोरी कसरी पालौं । अर्काको जग्गा अदिाया गरेपनि केही सिप लागेन ।' आाखा रसिलो बनाउदै पदमादेविले दुःख पोखिन् । वेपत्ता श्रीमान ज्यूदै छन् कि मरिसके । के गर्ने ?

बसुन्धरा र पदमाका श्रीमान जस्तै सााफेबगर नगरपालिका-२ लोलीकी तुल्छि बिकका श्रीमान तगत बिक पनि भारतबाट घर फर्किने क्रममा वेपत्ता भएका हुन् । २०६३ मा भारत छिरेका तगत ५ बर्षपछि २०६८ मा घर फर्किने बेला बाटोबाटै वेपत्ता भएको श्रीमति लोलीकीले बताइन् । धन कमाउने श्रीमान वेपत्ता भएपछि उनले दाउरा बेचेर छोराछोरीको लालनपालन गर्दै आएकी थिइन् । सामुदायिक बनले दाउरा काट्न पनि रोक लागएपछि उनी थप विच्चलीमा परेकी छन् । भारत गएर बेपत्ता भएका मीनबहादुर, तगत र मनिराजहरू त एक प्रतिनिधि पात्र मात्र हुन् । श्रीमती र छोराछोरीको आङ ढाक्नका लागि चाहिने एकसरो लुगा फाटो किन्न र घरखर्च चलाउने पैसाको जोहो गर्नका लागि धन कमाउन भारत गएका धेरै अछामी बाटोबाटै बेपत्ता भएका छन् र अहिलेसम्म उनीहरूको अवस्था सार्वजनिक हुन सकेका छैनन् । हाल सम्म भारतमा कति अछामी युवाले अनाहकमै ज्यान गुमाए भन्ने एकिन तथ्यांक कसैसाग छैन । यदापि सााफेबगर नगरपालिकाका ६१ जना भारत आवतजावतका क्रममा बाटोबाट वेपत्ता भएको प्रसावी संजाल अछामको तथ्यांक छ । संजालले सााफेबगरका प्रत्येक घरमै गएर तथ्याक संकलन गरेको जनाएको छ । संजालले ०५१ साल यताको बेपत्ता भएकाहरूको विवरण संकलन गरेको अध्यक्ष मिठ्ठु भाटले जानकारी दिनुभयो । संजालले तीन बर्ष पहिले वेपत्ता ६१ जनाको विस्तृत विवरण सहित खोजीका लागि पहल गरिदिन जिल्ला प्रशासन कार्यालय अछामलाई बुझाएको थियो । तर अहिलेसम्म राज्य स्तरबाट वेपत्ता नागरिकको खोजीका लागि ठोस पहल नभएको भाटले सुनाउनुभयो ।

गरिबीका कारण श्रीमती र छोराछोरीको आङ ढाक्ने एकसरो लुगाफाटो जोहो गर्नैकै लागि यहााका अधिकांश पुरूषहरू कामको खोजीमा छिमेकी मुलुक भारत जाने परम्परा नै हो । खुल्ला सिमानाका कारणले बिना अनुमति, बिना योग्यता, उमेर, समय केही नभए पनि कामका लागि भारत जान रोकावट छैन । त्यहाँ जाँदा, बस्दा र आउादा बाटोमा भारतीय प्रहरी, टाागा, रिक्सा, बस, रेल तथा गुण्डाहरूबाट दुःख भोग्नु पर्दछ । कोही धेरै पैसा साथमै बोकेर ल्याएको निहुामा, कोही धेरै सामान ल्याएको निहुामा त केही परिचय खुल्ने कुनै प्रमाण साथमा नभएको निहु पारेर नेपालीलाई भारतमा बिभिन्न पक्षले दुःख दिने गर्दछ । 'यो या त्यो बहाना बनाएर नेपालीबाट जसरी पनि पैसा झार्ने उद्देश्य त्यहाँका गुण्डादेखि प्रहरीसम्मको मिलेमतो हुन्छ' मिठ्ठुले भन्नुभयो-'भनेजति पैसा दिएन भने कुटपिट गर्ने, वेपत्ता पार्ने र मार्नेसम्मको काम हुन्छ ।' कतिपयले भारतका केहि ठाउँमा किड्नी निकालेर फाल्ने गरिएको बताउछन् । किड्नी निकाल्ने काम गोद्रा नजिक धेरै हुने गरेको सुनेको भन्दै भाटले नेपालीहरू त्यहि क्षेत्रमा वेपत्ता पारिएकाले आशंका व्यक्त गर्नुभयो । सुदुरपश्चिमका पहाडी जिल्लाका स्थानीयका लागि बैदेशिक रोजगारीको एक मुख्य गन्तव्य भारत हो । भारतसँग निर्भर रहनुपर्ने अवस्था रहेपनि बैदेशिक रोजगारको कानुनी मान्यता दिएको छैन । - **शिवराज खत्री - महिला आवाज**

# संकटमा परेको राष्ट्रिय एकता र पृथ्वी जयन्ती



**डा. केशव देवकोटा**

नेपालको राष्ट्रिय राजनीतिले गलत बाटो पक्रिएपछि राष्ट्रिय एकतामा समेत संकट देखिएको छ । गत बर्षहरूमा त राष्ट्र निर्मातालाई समेत बिवादमा पार्नेसम्मका प्रयासहरू भएका थिए । यसपटक नेपालका राष्ट्र निर्माता पृथ्वीनारायण शाहको ३०३ औ जयन्तीले को राष्ट्रिय एकताको पक्षमा छ र को बिपक्षमा छभन्ने कुरालाई छर्लङ्ग पार्ने काम गऱ्यो । देशका कार्यकारी प्रमुख प्रधानमन्त्रि र राष्ट्रपतिलगायतका उच्च ब्यक्तित्वहरूले राष्ट्र निर्माताको पक्षमा खुलेर आफ्नो अभिमत ब्यक्त गर्नुकासाथै गतिबिधिहरू पनि प्रदर्शन गर्नुभएको थियो । सामाजिक सञ्जालमार्फत प्रधानमन्त्री केपी ओलीले नेपाल एकीकरणका नेतृत्वकर्ताभन्दै पृथ्वीनारायणप्रति सम्मान व्यक्त गरेर राष्ट्रिय एकताको पक्षमा मत ब्यक्तगर्नु सराहनीय पक्ष हो । त्यसैगरी पूर्वराष्ट्रपति बिद्यादेवी भण्डारीले पनि राष्ट्रिय एकता दिवस तथा ३०३ औं पृथ्वी जयन्तीका अवसरमा सामाजिक सञ्जाल ट्वीटर पेजमा लेख्नुहुँदै आधुनिक नेपाल एकीकरण अभियानका नायक पृथ्वीनारायण शाहको संझना गर्नुभएको थियो । उहाँले राष्ट्रिय एकता दिवसले नेपाल एकीकरण अभियानको गौरवमय इतिहासको स्मरण गराउँदै राष्ट्रिय एकता, सार्वभौमसत्ता र भौगोलिक अखण्डताको अनवरत रक्षा तथा सुदृढीकरणगरी 'समृद्ध नेपाल सुखी नेपाली' को साझा राष्ट्रिय संकल्पलाई साकारपार्न एकजुटभई अगाडि बढ्न सबैलाई प्रेरणा दिएको टिप्पणी पनि गर्नुभएको थियो । नेकां र एमाले लगायतका ठूला पार्टीमात्र नभएर क्रान्तिकारी पार्टी नेकपा (मसाल) लेसमेत पृथ्वीनारायण शाहको योगदानलेगर्दा आजको एकीकृत नेपालको जन्मभएको धारणा राखेको थियो । सो पार्टीका प्रवक्ता रामप्रकाश पुरीले जारी गर्नुभएको एक प्रेसवक्तव्यमा नेपाली समाजको सद्भाव, राष्ट्रिय एकता, राष्ट्रियता, सार्वभौमिकता, स्वतन्त्रता र स्वाधीनताको अच्क्षुण यात्राका लागि शुभकामना दिइएको थियो । उहाँले नेपालको एकीकरणमा पृथ्वीनारायण शाहको महत्वपूर्ण योगदान रहेको टिप्पणी पनि गर्नुभएको थियो । तर हाल संसदको प्रमुख प्रतिपक्षी दल र बेलाबखत सरकारको नेतृत्वमा पुग्ने गरेको माओवादी केन्द्रले राष्ट्र निर्माताप्रति दुई शब्द पनि ब्यक्त गरेको देखिएन । किनकी माओवादी केन्द्र संघीयता र जातीय समाबेशीजस्ता बिभाजनकारी कुराहरूको पक्षमा रहँदैआएको छ ।

उक्त नीतिहरू विश्व साम्राज्यवादका घोषित नीतिहरू हुन् । दोश्रो विश्वयुद्धपछि शक्ति राष्ट्रहरूले त्यस्ता बिभाजनकारी नीति नेपाल जस्ता साना र कमजोर मुलुकमा लागू गराएर चलखेलगर्दै आएका छन् । खासमा पृथ्वीनारायण शाहको शासन काल अघिनै नेपाल बिशाल राष्ट्र थियो । जसको भूभाग आजकोभन्दा पनि तीन दोब्बर बढी थियो । तर तत्कालीन शासक र विदेशी षडयन्त्रका कारण समयक्रममा खण्डित हुनपुगेको थियो । सोही कुरालाई बुझेर उहाँले फेरी बिशाल नेपाल बनाउने अभियान थाल्नुभएको देखिएको छ । त्यसैले उहाँले आफ्नो राज्यको बिस्तार गरेको अथवा अरूको राज्य जबरजस्त हडपेको भन्न मिल्दैन । आज पनि कतिपय समूहले देशलाई कमजोर बनाउन र बिभाजनमा पुऱ्याउन प्रयास गरिरहेका छन् । जसका पछाडि तिनै विदेशी शक्तिहरू खेलिरहेको देखिएको छ । त्यसैले राष्ट्रिय एकताको सवाल पेचिलो बनेको छ । बिसं १७७९ पुस २७ गते गोरखामा पृथ्वीनारायण शाहको जन्महुँदा नेपाल ५२ वटाभन्दा बढी ससाना राज्यमा विभाजित भैसकेको अवस्था थियो । ति राज्यकाबीचमा पनि एकले अर्कोलाई किनारा लगाउने प्रबृत्ति थियो । नेपालमा त्यस्तो अवस्थाहुँदा भारतमा ब्रिटिस साम्राज्यको जगजगी थियो । तिनीहरूको आँखा नेपालमा पनि परेको स्पष्ट बुझ्न र देख्न सकिन्थ्यो । तीर्थयात्राकाक्रममा बनारस पुग्दा उहाँले भारतमा इष्टइन्डिया कम्पनी अर्थात ब्रिटिस साम्राज्यको प्रभूत्वका बाबजुद त्यहाँ बढ्दैगइरहेको अशान्ति, अंग्रेजको राज्यविस्तारको नीति, ब्रिटिस शासक जर्ज तृतीय र चिनियाँ बादशाह चेन जुङको सम्बन्धबारे राम्ररी बुझ्ने अवसर पाउनु भएको थियो भनिन्छ । त्यसैले उहाँले नेपालका बाइसे/चौबिसे राज्यलाई एकीकरणगरी बलियो बनाउन नसक्ने होभने ब्रिटिस साम्राज्यवादको कोपभाजनमा परिने राम्रो अनुभव गर्नुभएको थियो । भारतबाट ब्रिटिस साम्राज्य नेपालमा पनि प्रवेशगर्ने संभावना प्रबल थियो । त्यसैले उहाँले नेपालको एकीकरणगर्ने योजना बनाउनुभएको देखिएको छ । त्यसपछि उहाँले १८०१ सालमा नुवाकोटबाट थाल्नुभएको विजय अभियान १८२६ सालमा कीर्तिपुरसम्म पुऱ्याउनु भएको थियो । जीवनको अन्तिमतिर बिरामी भएका बेलामासमेत उहाँले आफ्ना भाई भारदारहरूलाई बोलाएर प्रशिक्षण दिनुभएको र सोहीक्रममा 'नेपाल दुई ढुंगाबीचको तरूलजस्तो छ, दक्षिणतिरको वादशाह महाचतुर छ, जाइकटक नगर्न, झिकीकटक गर्न', नेपाल चार जात छत्तिस वर्णको फूलबारी हो, सबै लाई चेतना भयाभनेर उपदेशसमेत दिनुभएको पाइएको छ । उहाँको निधन बिसं १८३१ सालमा भएको थियो ।

नभन्दै भारतमा रहेका ब्रिटिसहरूले १८७१-७२ मा नेपाल विरूद्ध युद्ध थालेका थिए । दुई बर्ष घमासान युद्धभएको थियो । अत्याधुनिक हतियारसहित आएको ब्रिटिस फौजसँग नेपाली फौजको पराजय भएको थियो । जसलेगर्दा बिसं १८७२ सालमा नौसूत्रीय प्रावधान राखी जबरजस्त सुगौली सन्धि गरिएको थियो । त्यो सन्धिअनुसार नेपालले धेरै भूभाग गुमाउनुपरेको थियो । आज पनि ति भूभागहरू भरततर्फनै रहेका छन् । पृथ्वीनारायणले एकीकरण गरेको नेपालमा ०६३ पछि एमसिसी, संघीयता र जातीय समाबेशीजस्ता बिभाजनकारी नीतिहरू लागू गराइएको छ । पछिल्लो समयमा नेपालमा भारत र अमेरिकाको दबदबा चरम बढेर गएको छ । साम्राज्यवादीहरूले नेपालका कतिपय राजनीतिक दलका नेताहरूलाई किनेर देशलाई थप बिभाजित गराउने प्रयास गरिरहेका छन् । हाम्रा पुर्खाले लडेर बचाएको सानो भूभाग पनि फेरी संकटमा परेको छ । दोश्रो बिश्वयुद्धपछि राष्ट्रसंघ बनेको र प्रत्यक्षरूपमा जमिन कब्जागर्न नपाउने भएकाले सहयोग, विकास, पैसाको लोभमा फसाएर तिनै साम्राज्यवादीहरू नेपालको गाउँ गाउँसम्म पुगेका छन् । अमेरिका र उसका समर्थक राष्ट्र तथा लगानीकर्ताहरूकोमात्र ऋृण लिने नीति तयगरिएको छ । युद्ध रणनीतिमा आधारित एमसीसी नेपालको संसदले पारित गरेको नाटकीय घोषणा गरेर लागूगराउन जोरजुलुम भैरहेको छभने विकास रणनीतिमा आधारित छिमेकी चीनको बीआरआईलाई टार्नका लागि पनि त्यतिकै प्रयास भैरहेको छ । बाटो बनाउने र बिजुली निकाल्ने बहानामा नेपालमा पसेको एमसीसीमार्फत अमेरिकाले अब नेपालका दुबै छिमेकी चीन र भारतलाईसमेत घेर्ने प्रयास गरिरहेको देखिएको छ । नेपालमा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालको नेतृत्वमा ०७९ पुस १० गते गठन भएको सरकारले भारत र अमेरिकालाई अपनाएर चीनलाई एक्ल्याउने प्रयास गरेको थियोभने हाल चीन र भारत मिलेर नेपाललाई एक्ल्याउने प्रयास थालेका छन् । केही ब्यक्तिहरूको निहित स्वार्थ पूर्तिका लागि नेपाललाई भूराजनीतिक संकटमा फसाउने काम भएको छ । पश्चिमा साम्राज्यवादले नेपालमा जातीय, धार्मिक लडाइँ गराउने, एनजिओ/आइएनजिओमार्फत जातीय कुरा उचाल्ने, पैसामा क्रिस्चियन धर्मावलम्बी बढाउने काम भित्रभित्रै गरिरहेको स्पष्ट छ ।

अब आएर पश्चिमा साम्राज्यवादले नेपालका बहुमूल्य युरेनियम, खनिज पदार्थमाथिसमेत आँखा गाडेको देखिनथालेको छ । जसलेगर्दा आज फेरी पृथ्वीनारायणको एकीकरण अभियानको संझना हुनथालेको छ । पृथ्वीनारायणले २५० वर्षभन्दा पहिलेनै भनेका कुराहरू आज फेरी नेपालीहरूको मानस पटलमा ब्युँतन थालेका छन् । नेपालमा मल्ल वंशले १३ औंदेखि १८ औं शताब्दीसम्म काठमाडौं उपत्यका र वरपरको शासन गरेको थियो । लिच्छविहरूले सन् ४०० देखि ७५० सम्म (करिव ३५० वर्ष) नेपालको शासन गरेका थिए । त्यसैगरी किराँत शासन काल पनि नेपालको इतिहासमा महत्वपूर्णरूपमा लिइन्छ । उनीहरूले २५०० बर्षअगाडि नेपालमा शासन गरेको पाइएको छ । नेपालमा २७ देखि ३२ किराँत राजाहरूले करिब ८०० बर्ष शासन गरेको इतिहास रहेको छ । प्राचीन खसकाल र किराँत कालमासमेत नेपाल विशाल थियो र यसको सीमाना पूर्वमा कामरू, कामक्ष, दक्षिणमा कतूर र पश्चिममा काँगडासम्म थियोभन्ने कुराहरू खुलेका छन् । अथर्ववेद र कौटिल्यको अर्थशास्त्रमा पनि नेपालकाबारेका व्याख्या गरिएको छ । झण्डै दुईहजार २०० बर्ष पुरानो सम्राट् अशोकको लुम्बिनीमा स्थापित अशोक स्तम्भमा पनि नेपालको अस्थित्व देखिएको छ । भारतमात्र नभएर दक्षिण एशियाका मुलुकहरूमा सबैभन्दा जेठो नेपालको अस्थित्व जोगाउन राष्ट्रिय एकता, मित्रता र सहमतिमा आधारित राजनीति आजको आवश्यकता हो । यसैले पृथ्वीनारायण शाहको त्यो महान एकीकरण अभियानको समेत संझना गराएको छ । देशभक्त नेपालीले यसलाई कहिल्यै भुल्न सक्दैन ।

# एकताको शक्तिमा अस्तित्व रक्षा



**दीर्घराज प्रसाई-**

२०७८ साल असार २९ गते संसदलाई थाहै नदिई परमादेशबाट कांग्रेसका शेरबहादुर देउवा प्रधानमंत्री भएपछि नेपालको भविष्य अन्धकारतर्फ धकेल्न खोजिएको हो । शेरबहादुर जस्तो भ्रष्ट, दुष्ट र विदेशी शक्तिको पुजारी बनेर सत्तामा हालीमुहाली गर्न पुगेकालाई सत्ताबाट लखेट्नुपर्ने थियो । लखेटिए ।

त्यसपछि आए ओली, प्रचण्ड र र फेरि ओली । यी सबै उही ड्याङ्का मूला थिए, यिनले देश र जनताका लागि केही गर्नसक्ने थिएन, गरेनन् । यिनले जे गरे आफू, आफ्ना परिवार र कार्यकर्ताका लागि गरे । यहीकारणले देशमा भ्रष्टाचार र अधर्म फैलियो । संघीयताले यिनका नेता कार्यकर्ता पोसिए, धर्मनिरपेक्षताले देश हिंसा, र अनैतिकतातिर उन्मुख भयो । राजनीतिले धर्म गुमायो, नैतिकता गुमायो । अन्याय बढ्यो ।

संसदीय लोकतन्त्रमा सरकार दिने संसदले थियो । गठबन्धनको दबाब र विदेशी पैसाको बलमा शेरबहादुर देउवालाई कथित सर्वोच्च अदालतले परमादेशबाट विदेशीको स्वार्थ पूर्ति गर्न र एमसीसी पारित गराएर अमेरिकालाई दलबल सहित नेपालमा भित्र्याएर चीन र अमेरिकाको बीचको भीडन्तमा नेपाललाई फसाउन कुचक्र चालिएको छ । यसमा शेरबहादुर, प्रचण्ड र ओलीले सकेजति मलजल गरिरहेका छन् । यसरी अमेरिकी दबाबमा एमसिसी संसदमा प्रस्तुत भयो, सडकमा आगजनी भयो, अन्तमा सबै मिलेर पास गराए । मलाई विश्वास भएसम्म कुनै हालतमा पनि एमसीस गर्नहुने थिएन । यस्तो ५० अर्ब अमेरिकी डलरको अमेरिकी खतरनाक औजारलाई सहायताको नाममा नेपालले कुनै पनि हालतले समर्थन गर्नु हुन्नथियो । देशघातक नेताहरू, भ्रष्ट, दुष्ट र विदेशी दलाल र तिनका मतियारहरूलाई जनताले लखेट्न सक्नुपर्छ । अब सहनु हुन्न ।

भारतीय कांग्रेस (आई), यूरोपका इसाई राष्ट्र र सीआए समेतको समर्थनमा नेपालको अस्तित्व समाप्त पार्न लागिएको अवस्थामा भारतमा कांग्रेस आईको सत्ता ढलेर हिन्दुवादी राष्ट्रवादी भारतीय जनता पार्टीका नरेन्द्र मोदी भारतको प्रधानमंत्री भएपछि नेपालमा अनुकूल बातावरण थियो, यसको लाभ नेपालका लागि हुनसकेन । भारतीय प्रधानमंत्री नेपालमा संसारको हिन्दु अधिराज्य र राजसंस्था यथावत रूपमा रहिरहोस भन्ने ठान्छ । यसका लागि नेपालका हिन्दु र राजतन्त्रवादीले भारतलाई बुझाउन सकेनन् । उता एससीसीको कारणले चीन पनि नेपालको अनुकूल थियो, अब त बीआरआईमा पनि सम्झौता भइसकेको छ । वास्तवमा चीनको पहिलादेखिको ठम्याई हो कि नेपालको राजसंस्था साम्राज्यवादी शक्तिसँग भीडेर स्थापित भएकाले चीन नेपालको राजसंस्थाको समर्थन गर्दछ । त्यस्तै भारतका कैयौं धामहरूमा नेपालका राजाहरूको पूजाआजामा विशेषाधिकार रहेको र भारत पनि प्राचीनकालदेखिको हिन्दूस्थल भएकाले नेपालमा हिन्दु अधिराज्य अटल रहोस् भन्ने पक्षमा रहेकाले नेपाललाई दुई छिमेकी राष्ट्रहरूको समर्थन भएपछि राजसंस्था र हिन्दु अधिराज्यलाई यथावत कायम गर्न नेपालीहरूलाई सजिलो छ । राजतन्त्रवादीले यो यथार्थ बुझेर सडक संघर्ष चर्काउनुपर्ने देखिन्छ । हिन्दुवादीहरू संगठित रूपमा सडकमा निस्कन जरूरी छ । संघे शरणम् गच्छामी ।

अतः अब २०४७ सालको संविधानलाई नैं मान्यता गरेर नेपालको राष्ट्रियता, संवैधानिक राजसंस्था तथा हिन्दुअधिराज्यलाई समेटेर राजसंस्था पुनर्स्थापना गराएर राष्ट्रिय एकतासहित राष्ट्रनिर्माणमा सरिक हुनसके नेपालको अस्तित्व र पहिचानसहित अखण्ड सार्वभौम नेपाललाई बचाउन सक्नेछौं । सबैलाई चेतना भया ।

Gorkha Express Weekly
राष्ट्र र राष्ट्रियताको साझा पत्रिका
गोरखा एक्सप्रेस साप्ताहिक

# स्वराज्यको शंखघोष



केशवप्रसाद चौलागाईंले 'स्वराज्य शंखघोष' पुस्तक सार्वजनिक गर्नुभएको छ । उपप्रधान तथा शहरी विकासमन्त्री प्रकाशमान सिंहको प्रमुख आतिथ्यमा उक्त कृतिको लोकार्पण गरिएको हो । राष्ट्रिय एकता दिवसको पूर्वसन्ध्यामा आयोजना गरिएको कार्यक्रममा लोकार्पित पुस्तकले राष्ट्रियता र आर्थिक समृद्धिलाई सफल बनाउन विचारमार्फत् सहयोग पुग्ने लोकार्पणका अवसरमा व्यक्त गरिएको थियो । स्वराज्यको शंखघोष आफैमा नौलो विचारको कृति मानिएको छ ।

कृतिले स्वधर्म, संस्कृति तथा स्वतन्त्र विचारको माध्यमले मात्रै मुलुक समुन्नत हुनसक्ने विचार राख्दै सविस्तार विवेचना गरिएकाले व्यापार, वाणिज्य क्षेत्रसहितका व्यक्तिहरूलाई पनि पुस्तकले आकर्षित तथा प्रभावित पार्न सक्ने बताइएको छ । अनेक शीर्षकमा व्यक्त विचारले नेपालका सम्बन्धमा आर्थिक कूटनीतिक सवालदेखि नयाँ विश्व व्यवस्थासम्मका प्रसंगको उठान पनि गरिएको देखिन्छ ।

राष्ट्रियता, प्रजातन्त्र र समावेशी सिद्धान्तलाई समेटेको स्वराज्यको वैदिक परिभाषादेखि सफ्टपावरका रूपमा नेपाली वाणिज्य क्षेत्रले पुऱ्याउन सक्ने योगदानको विषयलाई पनि कृतिमा महत्व दिएको छ । स्वराजको विषय आफैमा राष्ट्रियताको प्रवर्द्धन गर्ने विषय हो । यही विषयले शंखघोषप्रति उत्सुकता धेरैतिर बढेको देखिन्छ । यो पुस्तक सबै विचारका थिङ्कटेङ्कले पढ्न आवश्यकता रहेकोमा धेरैको मतैक्य रहेको छ ।

# पसिनाको पोको कवितासङ्ग्रह



राप्ती साहित्य परिषद् दाङद्वारा पसिनाको पोको कविता सङ्ग्रहको समीक्षा गरिएको छ । साहित्यकार कृष्ण गिरीको 'पसिनाको पोको' कवितासङ्ग्रहको समीक्षा कार्यक्रममा राप्ती साहित्य परिषद् दाङ शाखाका अध्यक्ष यम रेग्मीको अध्यक्षता तथा वरिष्ठ गायक-संगीतकार डा. गोविन्द आचार्यको आतिथ्य तथा राप्ती साहित्य परिषद् केन्द्रका निवर्तमान अध्यक्ष पुरूषोत्तम खनाल र वरिष्ठ साहित्यकार गणेश विषमको विशिष्ट आतित्यमा कार्यक्रम सम्पन्न गरिएको थियो । नेपाली लेखक सङ्घ दाङका अध्यक्ष डा. हिमलाल पन्थीले सङ्ग्रहको समीक्षा गर्दै कृतिले समाजको वर्तमान परिवेशसँगै कविताको चेतनाबोधलाई उजागर गर्न सफल भएको बताउनुभयो । कृतिमा उल्लेख कविताले समाज, मानवता, राजनीतिलगायत विषय र सर्जकका आफ्नै भोगाई पनि समावेश गरेर विविधता प्रदान गरेको बताउनुभयो ।

प्रमुख अतिथि आचार्यले विचार बिनाको कला साहित्य हुन नसक्ने भन्दै कला, विचारसहितको प्रस्तुतिमा साहित्यकार गिरीको रहेको बताउनु भयो भने डा. पन्थीले साहित्यकार गिरीको २४ वटा कविता संग्रहित पसिनाको पोकोमार्फत समाजको उत्पीडितलाई व्यङ्ग्यात्मक र सिर्जनात्मक रूपमा उजागर गरेको बताउनुभयो । लेखक सङ्घ दाङ अध्यक्ष खगराज न्यौपानेले शुभकामना मन्तव्य दिनुभएको थियो ।

कार्यक्रममा कमलमणि देवकोटा, पदम प्रसाद शर्मा, डा.लोकराज पराजुली , दीपक शर्मा "समीर," राम प्रसाद जैसी, हरिप्रसाद पाण्डे,चन्द्रप्रकाश देवकोटा, देवेन्द्र रिजाल,नरेशजङ्ग राणा, गोविन्द खड्का, छवि पुरी, हुम रेग्मी, मदनकुमार बस्नेत लगायतका विभिन्न सङ्घसंस्थाका प्रतिनिधिहरूको गरिमामय उपस्थिति रहेको थियो । कार्यक्रम सञ्चालन सचिव घनश्याम केसीले गर्नुभएको थियो ।

# मुक्तक लेख्ने प्रयासहरू : तिमी आफै भन कसको लागि मदन बन्नु म



हाम्रा नेताहरूलाई आआफ्नो बिरासत पनि थाहा छ
एयरपोर्टको लेट्रिनमा मिल्केको जुहारत पनि थाहा छ
यिनीहरू आफै बिमारी, आफै झाँक्रीको काम गर्छन्
यिनीहरूलाई आ-आफ्नो हिरासत पनि थाहा छ ।

- ज्ञान उदास



बिलाए तारा आकाशमा केलाई गन्नु म
छैन सुन्ने ब्यथा कोही कोलाई भन्नु म
तिम्रो स्वभाबमा कुनै मुना थिएन
आफैँ भन कस्को लागि मदन बन्नु म ?

- अर्जुन अधिकारी



तिम्रो अभावको भोक छ मलाई मेट्नु कसरी
मेरो चाहनाले खोजेर तिमीलाई भेट्नु कसरी
थाकेका छन् यी आँखा पर्खाइमा बस्दा बस्दै
उदास बोकेर आउँछ विहानी लखेट्नु कसरी

- नीमा डि.सि



ती बितेका हरेक रात याद आउँछ
तिमी सँग गरेको बात याद आउँछ
विरानोमा आफुलाई एक्लो पाउँदा,
तिमीले दिएको साथ याद आउँछ ।

- नीता गुरूंग भाटिया, असम



आवश्यकतामा सघाउनुपर्छ मित्र भएपछि
एक आपसमा रमाउनुपर्छ मित्र भएपछि
दु:ख पर्दाखेरी सधैं साथ र हौसला दिएर,
घाउँमा मलमपट्टि लगाउनुपर्छ मित्र भएपछि ।

- रिता खराल (देवी श्रीराधा)



चोरलाई थर्काउन कुकुर भुकेकै जाति
टोक्ने कुकुरबाट बच्न चोर लुकेकै जाति
के जाति के नजाति राम्रोसङ्ग बुझ्नैपर्छ
हुलहुज्जतबाट बच्न साँच्चै लुकेकै जाति ।

- मुक्तिनाथ शर्मा न्यौपाने



के कुरा गर्नु भोजन छोडेर घाँस चर्नेहरूको
मुटु भरी प्रतिशोध अनि लालच भर्नेहरूको
कुरै गर्न मन छैन एकचिम्टी, एकबुँद पनि
सुनको मृग समात्न नैतिकता झर्नेहरूको ।

- गंगा दहाल



भन्छन् शंकाले लंका जलाउँछ
विश्वासले नै संसार चलाउँछ
भविष्यलाई सोचेर हेर्दा खेरि
मेरो त झन झन मनै गलाउँछ ।

- शान्ता खवास



पसिनाको कम अत्तरको बढी, सुवास मन पराइन्छ
र, हातभन्दा धेरै मुख चलाउनेलाई, खास मन पराइन्छ
त्यहाँ, लक्ष्मी र सरस्वतीको बास, हुँदैहुँदैन बुझिराख्नुस्
जहाँ, घैया धानभन्दा आयातीत, भटमास मन पराइन्छ ।

- विष्णुप्रसाद आचार्य



काला पहिरन भित्र, कालै मन हुन्छ देखाइदैछ
निसाफको नाममा अभिशाप झन हुन्छ देखाइदैछ
आमा, हजुरलाई चोट लाग्दा नालिस हाल्ने ठाउँमा
किन आज, न्याय हुँदैन, शासन हुन्छ देखाइदैछ ।

- अमृत भट्टराई



रगतको नाता के भन्नु करौंतीले रेटिन्छन्
आफन्तबाटै लुटिएका छोरीहरू भेटिन्छन्
आफ्नाहरू दुश्मन, न्याय, सुरक्षा छैन कतै
न्याय माग्ने फिरादहरू सरकारबाटै चेतिन्छन् ।

- देवी काफ्ले



सलाईको काँटी कोर्दिनाले दिलमा आगो लाग्यो
धपक्क बलेको अनुहारले मनमा इच्छ्या जाग्यो
अब सबथोक तिमी नै लाग्दछ मेरो जीवनमा हेर
नभनिदेउ है प्रिया, मसंग रमने रहर सबै भाग्यो !

- पवनकुमार बुढाथोकी



# मञ्जरी खण्डकाव्य खोतल्दा



*अरूणबहादुर खत्री*

क्रियाशील स्रष्टा कवि रेणुका भट्टराईको मञ्जरी नामक खण्डकाव्य २०८१ भाद्र १७ गते तेस्रो संस्करणको रूपमा प्रकाशित भएको छ । यो झ्याउरे छन्दलयमा लेखिएको खण्डकाव्य हो । नेपाली समाजको यथार्थलाई चित्रण गरिएको सामाजिक काव्य हो । २५ वर्ष पहिले नै लेखिएको र केही समयपछि प्रकाशन भएको उस बेला त्यति चर्चा नपाए पनि नेपाली नारीका व्यथा, पीडा र समस्यालाई लिएर लेखिएको जीवन्त रचनाका रूपमा यसको सान्दर्भिकता अहिले पनि छ । यो काव्य नारी समस्यालाई लिएर ग्रामीण जनजीवनले सहज रूपमा प्रयोग गर्ने झ्याउरे लोकलयमा लेखिएको छ ।

मञ्जरी खण्डकाव्यको आरम्भमा मञ्जरीको बाल्यकाल प्रस्तुत गरिएको छ । धर्तीको प्यारो मनको धारो मिठो छ, जीवन सागर निलो जस्तै छ हेर झन् राम्रो गगन कवि रेणुकाले लेखेकी छिन् । जन्मदै देखि हारेको कर्म हैन नि छोरीको आमाले खान पाउन्न कठै ! पेटभरि त्यो ढिँडो भनेर उनले आमाको पीडा देखाएकी छिन् । मञ्जरी वनमा गीत गाउँछे- कुन दिन दैव जम्मायौ मलाई भाग्य मेरो कस्तो कोरेछौ ? दु:खीलाई दु:ख लगाई साथ मलाई एक्लो कसरी पारेछौ भनेर मञ्जरीले गीत गाएकी छिन् ।

गाउँकापिरा कुरीति किरा, असह्य उठ्दैछन्
यी राता मान्छे उलाई भेल, चेतना भुट्दैछन्
यसैको एउटा मानेको घ्यौता घटना किटेर
मञ्जरी काव्य पस्किएँ नयाँ आख्यान टिपेर ।

गाउँ शिक्षित भयो भने बालविवाह, बोक्सी-झाँक्रीको कुरीति, विधवाले पुनर्विवाह गर्नुहुदैन र बुहारीले बुहार्नन बेहोर्नै पर्छ भन्ने पुरातन सोच हटाउन सकिन्छ भन्ने सन्देश छ । मञ्जरी लगायत सबै अशिक्षितलाई प्रौढ कक्षामा ज्ञान आर्जन गर्न अनुरोध ऊ गर्छ । तर, मञ्जरीका सासू-ससुरा आउँछन् न मञ्जरीलाई पठाउँछन् । यसैबीच ऊ मञ्जरीलाई गोप्य रूपमा भेटेर माया गर्न थाल्छ । गाउँले सबै मिलेर कठै बोक्सीको आरोप बाँच्नु न मर्नु भयो नि हेर ! जिन्दगीको धराप भनेर मञ्जरी माथिको यातानामा कविले लेखेकी छिन् । आकाश रोयो बादल दु:खी गड्किन थालेछ अन्याय हेर्न नसकी आज बादल बसेछ भनेर लेखिएको छ ।

मेलामा जानु पर्दछ आमा एकलै छोडेर
घरैमा बस्छे बालिका सधैं कुनामा रोएर
यी बाल हात सिर्जना साथ भोलिको जुहार
हत्केला चुम्छ सुनौलो भोलि शीतचै नपार ।

समाई हात साथीको साथ स्कुलको आँगन बोकेर हिँड्ने थियो नि बेला किताब कलम कवि रेणुकाले लेखेकी छिन् । नारी संवेदना र समस्यासँग जोडिएको सामाजिक विषयलाई उठान गरी त्यसलाई न्यायपूर्ण समाधानको विन्दुमा पुऱ्याउने कार्यमा मञ्जरी खण्डकाव्य सफल बन्न सकेको छ । त्यसैले यो खण्डकाव्य नारी संवेदना, करूणा र जागृतिको त्रिवेणी बनेर उभिएको छ । कोमल हृदय र अनुपम मातृत्व नारीको सर्वोच्च चिनारी हो । त्यही कोमल हृदय र उदारताको फाइदा उठाएर समाजमा नारीलाई शोषण गर्ने गरिएको छ । जन्मेको घर रूँदैमा रूँदै जानुछ, आफन्त सबै भएर पनि टुहुरो भएर यसभित्र लेखिएको छ ।

मानेर छोरी मञ्जरी आज हातमा दिने छु
साइत हेरी आउनू लिन विदाइ गर्ने छु
घामको ज्योति मधुरो भयो हृदय भिजेर
प्रकृति हेर लातित्य छायो गुराँस फुलेर ।

छोरी हुँ बाबा के भयो दोष तिम्रै हो संसार हत्केलाभित्र सुनको ताज हाँस्दछ मुहार कवि रेणुकाले लेखेकी छिन् । ११ वर्ष नपुग्दै छोरी ठुली पो भइ रे चल्दछ कुरा वरको घर पठौने अहिल्यै मञ्जरीभित्र लेखिएको छ । उपमा बोक्सी मञ्जरी भन्दै गाउँले कराए राख्न हुन्न गाउँमा बोक्सी भनेर डराएको कुरालाई लेखिएको छ । मञ्जरी खण्डकाव्यको कथावस्तु समाजको यथार्थ हो । गरिबी, अशिक्षा र अन्धविश्वासले ग्रस्त समाजमा छोरी जन्मिनुलाई नै अभिषाप मानिन्छ । त्यही समाजमा बालिका मञ्जरीको जन्म भएको छ । यो मञ्जरी खण्डकाव्य निकै राम्रो पढ्नयोग्य छ । कवि: रेणुका भट्टराई,

प्रकाशक: काव्य घर मिडिया प्रा.लि. काठमाडौं । तेस्रो संस्करण: २०८१ भाद्र ।






| | | |
|---|---|---|
| सम्पादक/प्रकाशक | | राजन कार्की |
| Editor/Publisher | | Rajan Karki |
| सह-सम्पादक | : | शाश्वत शर्मा |
| अनलाइन प्रविधि | : | उत्तम राज |
| कानुनी सल्लाहकार | : | शिवप्रसाद सिग्देल |
| मुख्य व्यवस्थापक | : | कृष्णकुमार कार्की |
| व्यवस्थापक | : | दिलकुमार कार्की |
| मुद्रण | : | तारा प्रिन्टर्स, कलंकी |

गोरखा एक्सप्रेस साप्ताहिक
कामपा १४, कलंकी, काठमाडौं
मो. : ९८५१०२७०८९ फोन : ४३१२०८४
E-mail : rajan2012karki@yahoo.com
nepaltod@gmail.com
Online : www//nepaltoday.com.np




# धन्यवाद दी न्यूयोर्क टाइम्स

लुम्बिनी अब छायाँमा रहेन । लुम्बिनीबारे जतिसुकै भ्रम छरे पनि भारत असफल हुनपुगेको छ । दी न्यूयोर्क टाइम्सले सन २०२५ मा घुम्नै पर्ने विश्वका ५२ स्थानको सूचीमा लुम्बिनीको चर्चा सार्वजनिक गरेपछि नयाँ उपलब्धि हुनपुगेको छ । यो सूचीमा लुम्बिनी विश्वमा घुम्नैपर्ने ९औं स्थानमा परेको देखाइएको छ । गौतमबुद्धको जन्मस्थल लुम्बिनी विश्व सम्पदा सूचीमा सूचीकृत सम्पदा हो । यही स्थानलाई न्यूयोर्क टाइम्सले यो वर्ष घुम्नैपर्ने ५२ स्थानमध्ये नवौं स्थानमा राखेको हो । नेपालका लागि यो गौरवका विषय हो भने पर्यटन प्रवर्द्धनका लागि ठूलै उपलब्धि पनि हो ।

गौतम बुद्धको जन्मस्थल लुम्बिनीलाई सन् १९९७ देखि संयक्त राष्ट्र शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक संगठन (यूनस्को) को विश्व सम्पदा सूचीमा सूचीकृत गरिएको हो । सांस्कृतिक, आध्यात्मिक तथा धार्मिक दृष्टिकोणले धनी लुम्बिनी क्षेत्र नेपालको रूपन्देही जिल्लामा अवस्थित छ । नेपालका गौरवको रूपमा रहेको यो पवित्र धार्मिक स्थल देशका राजस्वको प्रमख श्रोत हुनसक्ने संभावना दी न्यूयोर्क टाइम्सको यो प्रचारले झन झन बढेर गएको छ । अझ यस क्षेत्रमा निर्माण भएको अन्तर्राष्ट्रिय विमान स्थल चल्न नसकेको अवस्थालाई समेत यो प्रचारले चिर्ने विश्वास गर्न सकिन्छ । शान्तिको खोजमा रहेका, बौद्ध धर्मावलम्बीहरूको आकर्षणको केन्द्र लुम्बिनी अब आन्तरिक र बाह्य पर्यटनको केन्द्र पनि बन्नसक्ने देखिन्छ ।

लुम्बिनी झण्डै झण्डै खतरामा परिसकेको थियो । लुम्बिनी पारी नक्कली लुब्नी पनि निर्माण गरिएको छ । एयरपोर्ट बनाइसकेको देखिन्छ । यो सबै बुद्ध जन्मथलो नेपालको लुम्बिनीलाई छायाँमा पार्ने साजिस थियो । अझै नेपालले विमानस्थल बनाइसकेपछि रूट नदिएर भारतले निकै दुःख दिइरहेको छ । यसकारण पनि दी न्यूयोर्क टाइम्सले गरिदिएको प्रचार र दिएको महत्वले नेपालको सर्वाङ्गिण विकासमा योगदान पुग्ने देखिन्छ । मुख्य सवाल नेपालको क्षमता र सुशासनको हो । यसमा नेपाल सरकारले बढीभन्दा बढी ध्यान दिनसके, भ्रष्टाचारका कुरालाई रोक्न सक्यो र पर्यटन प्रवर्द्धनमा ध्यान सक्यो भने लुम्बिनी नेपालको कायापलट गर्नसक्ने आर्थिक स्रोत बन्नसक्नेछ ।

लुम्बिनीलाई कसरी भर्जिन रूपमा राख्ने । यहाँ देखिएका वातावरण सन्तुलनमा राख्ने । यहाँ शान्तिसुरक्षाका लागि कसरी गर्नुपर्ने व्यवस्था गर्ने ? आदि विषयहरू मुख्य छन् । लुम्बिनीमा जुनसुकै दृष्टिले देखिने नकारात्मक असरबाट लुम्बिनी विश्व सम्पदा क्षेत्रलाई बचाउने र यो क्षेत्रको विश्वव्यापीरूपमा विशिष्ठ ठहरिएका पुरातात्वीक वस्तुहरूको संरक्षण गर्नु जरूरी छ । अबका दिनमा यस क्षेत्रमा आन्तरिक र बाह्य वासिन्दा, तीर्थयात्री, पर्यटकको व्यापक आवागमन हुने पक्का छ । यस क्षेत्रमा रहेका वन्यजन्तु र वनस्पतिहरू तथा वातावरणीय दृष्टिले मूल्यवान रहेका श्रोतहरू हावा, पानी, माटो, पुरातात्वीक सम्पदा आदिमा सरकारको विशेष ध्यान जानैपर्छ । जति हामीले लुम्बिनीको संरक्षण र विकासमा ध्यान दियौं, जति लुम्बिनीका बारेमा विश्व प्रचारमा जुट्यौं र आउने पर्यटकलाई बढीभन्दा बढी लुम्बिनीमा राख्न सकियो भने नेपालको आर्थिक विकासमा ठूलै फड्को मार्न सकिने अवसर छ ।

अहिले त भारतमा आउने र भारतबाट केही घण्टाका लागि बौद्धमागी लुम्बिनी आएर फर्कने गरेका छन् । यो तालले नेपालको अर्थतन्त्रमा बल पुग्नेछैन । सिधा उडानबाट लुम्बिनी आउने र बढीभन्दा बढी दिन लुम्बिनीमा बसेर सिधै फर्कनसक्ने यात्रु व्यवस्था गर्न सकियो भने लुम्बिनीले विशेष अर्थव्यवस्थाको काम गर्नसक्नेछ । यसकारण पनि दी न्यूयोर्क टाइम्सले जे जस्तो प्रचार गरिदिएको छ, त्यसका लागि धन्यवाद दिनैपर्छ ।

# नेतालाई मात्र खुशी दियो जनयुद्ध र जनआन्दोलनले




नेतालाई मात्र खुशी दियो जनयुद्ध र जनआन्दोलनले । जनयुद्धका लडाका र जनआन्दोलित जनताका लागि यो परिवर्तन कौवालाई बेल पाकेसरह भयो । यसकारण जनताले परिवर्तन खोज्न थालेका छन् ।

जसरी १९७५ मा देश बेचेर सिक्किमका लेण्डु दोर्जी रमाएका थिए, उनको त्यो रमाइलो लामो समय टिकेन । भारतले सख्खरको झिंगा झिकेझैं झिकेर फालिदियो । पश्चाताप गर्दागर्दै जनघृणा सहेर लेण्डुले प्राण त्याग्नुपऱ्यो ।

इतिहासमा राष्ट्रघातीका रूपमा दण्डित हुनुपरेको छ लेण्डुपले । यो ऐतिहासिक शिक्षाबाट केही सिकेनन् नेपाली नेताहरूले । हाम्रा नेताहरू स्वार्थको पोखरीमा यसरी डुबेका छन् कि उनीहरूलाई कुनै दिन पश्चाताप गर्नुपर्ला, भावी पुस्ताले समेत बदनाम हुनुपर्नेछ भनेर सोचेका पनि छैनन् ।

राजनीतिमा कांग्रेस, एमाले, माओवादी, मधेसवादी, केही ससाना पार्टीहरू छन् । यद्यपि सत्ताको केन्द्रमा कांग्रेस, एमाले, माओवादी छन्, यिनकै वरिपरि राजनीति घुमिरहेको छ ।

यी ठूला तीन दलभित्र आन्तरिक गुटबाजी त छ नै, अन्तरदल, अन्तर नेतृत्ववीच कहिले कसलाई, कहिले कसलाई खुइल्याउने प्रतिस्पर्धा तीव्र छ । यतिबेला कांग्रेस र एमाले मिलेर माओवादी र रास्वपा, राप्रपालाई खुइल्याउने जोडबल देखिन्छ । हिजोका दिनमा माओवादी र एमालेले कांग्रेसलाई, त्यसपछि कांग्रेस र माओवादीले एमालेलाई किनारा लगाउने प्रयास गरेका थिए । ठूला पार्टी नै जो बुढो उही बाटो... भएपछि राजनीतिमा नैतिकता र सिद्धान्त भन्ने समाप्त भएको छ ।

जुन मान्यता स्थापित भएको छ, त्यो अवसरवादमात्र हो । अवसरवाद भनेकै लेण्डुवाद हो । नेपालमा स्थापित लोकतान्त्रिक पद्धति लेण्डपवाद बन्यो ।

जो राजनीतिमा छन्, ०४६ सालको परिवर्तनपछिका ३५ वर्ष र ०६३ सालको परिवर्तनपछिका १८ वर्षमा तिनै छन् । यी शासकले गरेको परिवर्तन भनेको आफू, आफ्नो परिवार, आफ्ना गणको सुखभोगमा हो । समाज बदल्न, सुशासन दिन, न्यायको प्रत्याभूति गराउन, विधिको शासन बसाल्न सकेनन् ।

यसकारण स्थापित नेतृत्वप्रति जनतामा घृणाभाव बढेको छ । नेतृत्व असफल भएको छ । यिनको असफलतासँगै व्यवस्था असफल भयो ।

जनताले यी हाम्रा नेता भनेर गर्व गर्नसक्ने कोही भएनन् । नेतृत्व देश र जनताका लागि भार बनेका छन् । नेतृत्व बर्गले वर्तमान उज्यालो अवसरको दुरूपयोग गरेर कलंकित बने ।

जनयुद्ध र जनआन्दोलनपछि जुन जुन नेतालाई जनताले महान बनाए, तिनले महानता जोगाउन सकेनन् ।

सन २००५ सेप्टेम्बरको टाइम्स अफ इण्डिया १४५ अंकमा जनयुद्धका नायक प्रचण्डको अन्तर्वाता छापिएको थियो र त्यसमा प्रचण्डले भनेका थिए- हामीले नेपालको सामन्तवादको ढाड भाँचिसकेका छौं । ग्रामिण क्षेत्रलाई स्वतन्त्र पारिसक्यौं । आज प्रचण्डको चरित्र हेर्दा देखिन्छ, यिनी आफै नवसामन्त बनिसकेछन् ।

कांग्रेस सभापति शेरबहादुर देउवा ५ पल्ट, माओवादी अध्यक्ष प्रचण्ड ३ पल्ट, एमाले अध्यक्ष केपी ओली ३ पल्ट प्राधनमन्त्री बनिसके । तिनले देश र जनताका लागि के गरे, कति उपलब्धिपूर्ण भयो परिवर्तन ? यसको सकारात्मक जवाफ छैन ।

यिनकै कार्यकालमा भारतले सत्ता र सीमा दुबैतिर अतिक्रमण तीब्र पारेको छ । नेपालको लिपुलेक, कालापानी, लिम्पियाधुरामात्र होइन, कञ्चनपुरमा ९ सय बिगाह नेपाली भूभागमा भारतीयले खेती गरिरहेका छन् । यसबाहेक ७७ ठाउँमा सीमा अतिक्रमण गरेको छ । नेपालको आन्तरिक शासनमा अतिक्रमण गर्दै भारतीय दूतावासले सिधै २० करोडसम्म नेपालका कुनै पनि योजनामा लगानी गर्न पाउने सुविधा यिनै नेताहरूले भारतलाई दिएका छन् । एक त खुला सिमाना, अर्कोतिर यसप्रकारको सिधा लगानी, नेपाली मानसिकतामा भारतवाद घुसाउँदैछ । त्यसै पनि भारतीय गोर्खाको पेन्सन क्याम्पहरू नेपालका विभिन्न जिल्लामा खोजिएका छन् । एयरपोर्टमा भारतीय सुरक्षाकर्मी राखिएको छ । यी सबै भारतीय कृयाकलाप भनेको नेपालमाथिको हस्तक्षेप, अतिक्रमण नै हो । लोकतान्त्रिक नेता, संसद, सांसद, सरकार, नागरिक समाजले यो सबै विषयलाई भारतीय हाजमोलाजसरी पचाइरहनु आश्चर्य हो ।

यस्तो दृष्टान्त विश्वमा कहीँ पनि देख्न सकिन्न । तर नेपालले भारतलाई यस्तो सुविधा दियो । नेपाल कति सार्वभौमिक मुलुक रह्यो ? नेपालमा स्वराज छ कि भारतराज ?

कसैले प्रश्न उठाउँदैनन्, प्रश्न नउठेपछि बहस हुने कुरै भएन ।

स्वभाविक प्रश्न उठ्छ, लोकतन्त्र कता छ ? के गरिरहेको छ ?

यिनको सत्ता र यी सत्ताधारीहरू भ्रष्टाचार र अपराधिकरणमा लिप्त भइरहे । राजनीतिमा लुट्न पाइने, जवाफदेही हुनु नपर्ने, कुमारीचोक बुझाउनु नपर्ने भएपछि विधिका ठाउँमा बाहुबली विधि स्थापित हुनपुग्यो । हरेक क्षेत्रमा भाग शान्ति जय नेपाल चलिरहेको छ । यति सानो मुलुकमा ७ सय ६१ सरकार भ्रष्टाचारको साम्राज्य स्थापित गर्न चाहिएको हो । जनताले बहीखाता खोलेका दिन, खरी घस्दाका दिन परिवर्तनपछि अग्ला अग्ला देखिएका नैतिकहीन नेताहरूको हालत कतिसम्म दयनीय होला ?

मुखको बोली र बन्दुकबाट निस्केको गोली फिर्ता हुन्न । सतित्व र अस्तित्व गुमेपछि गुम्यो । जन्तरमन्तरमा फूमन्तरले न लेण्डुप बलिया भए, न यी नेता बलिया भइरहन्छन् । यिनको शासन र आसनको म्याद जनअसन्तोष बढ्दैजाँदा सकिदैछ । १९७५ मा दिल्लीले सिंहासनमै बसालेको होइन र लेण्डुपलाई ? स्वार्थ पूरा हुनासाथ खँगारिदियो । नोरियगा हुन् कि ओसामाबीन लादेन, मार्कोस हुन् कि सद्दाम हुसेन, सबै विदेशीले तैयार पारेका हतियार थिए । हतियारको काम मालिकको इच्छाअनुसार काट्नु हो । हतियारमा जीवन हुन्न, चेत रहोस् ।

जनयुद्ध र जनआन्दोलनलाई नेताहरूले समुद्र मन्थन गरेझैं नेपाली घरघर, मनमन उचालेर, उराले मन्थन गरेकै हुन् । अमृत र विष दुबै निस्क्यो । नेताहरूले अमृत घट घटी पिइरहेका छन्, विषको प्याला जनताको भागमा परेको छ, जनता दिनदिनै मरिरहेका छन् । अन्ततोगत्वा राष्ट्रियता त्यही विषको असरले बिस्तारै बिस्तारै मर्न थालेको छ । शासनभरि विष फैलिएको छ । यो विषालु शासनलाई कति सहने ?

ठूलो दुःखले आर्जेको मुलुक हो यो । विश्वकै जेठोमध्येको मुलुक पनि नेपाल नै हो । पुर्खाले देश दिए, माटोप्रतिको मायाँ भयो भने सम्प्रभूता बाँच्ने पाठ पनि पुर्खाले पढाएर गएका हुन् । तर हामीले यो देशलाई थेग्न सकेनौं, सम्प्रभूता गुमाउँदै गयौं ।

मदारीले देखाउने बाँदरनाच जस्तो बन्यो लोकतन्त्र । चटकेले देखाउने बाह्रमज्जा पो हुनपुग्यो लोकतन्त्र । लोकतन्त्र नैतिक आचरणले चलाउनु पर्ने हो, अनैतिकताको पहाडले थिच्न पुग्यो ।

लोकतन्त्र जो चलाइरहेछन्, ती देश र जनताका लागि सेवा गर्छु भनेर आएका प्रतिनिधि हुन् । जनता कूशासन र राष्ट्रघात भयो भनेर कोलाहल गरिरहेका छन्, सुशासन र समृद्धिको भाषणबाहेक नेतृत्व केही दिन सकिरहेको छैन । जता अलिकति सुख, शक्ति र सम्पत्ति देख्छ, नेतृत्व त्यो लुट्नका लागि मरिहत्तै गर्छन् । लिपुलेक, लिम्पियाधुरा, कालापानीको ३ सय ८७ बर्गकिलोमिटर भूभाग आफ्नो नक्सामा पारिसक्यो । कुनै नेतालाई, संसद र सरकारलाई, विचारक र अधिकारकर्मीलाई दुख्दै दुख्दैन । यो कस्तो शासन हो ?

यसकारण यो पद्धति सराप बन्नपुगेको छ । राजधानीको सिंहदरवार र गाउँगाउँ पुगेको सिंहदरवार त हनुमान चौतारी बन्यो, जहाँ बाँदरहरू जुम्रा मारेर घाम तापिरहेका छन् । उनीहरूलाई देशको चिन्ता छैन ।

यस्तो दुःखद लोकतान्त्रिक पद्धति रअकर्मण्य नेतृत्वलाई आधुनिक राज्यको सार्वभौम सिद्धान्त र एकले अर्काको आन्तरिक मामिलामा हस्तक्षेप नगर्ने मान्यता पढाउने, सम्झाउने कसले ?

म मरे पनि मेरो देश बाँचिरहोस् भन्थे राजा महेन्द्र । यति भन्ने नेपाली नेता एकजना पनि देखिएनन् । स्मरण रहोस्, वर्षौ पालेको बाख्रो बेचेर पठाए पनि मालिक देखेपछि म्या गर्छ । जनताले साथ दिएका र जनमत पाएका नेताहरू जनताप्रति पुलुक्क पनि हेर्दैनन्, आफ्नै सुख सुविधा, तलव भत्ता र भ्रष्टाचारमा चुर्लुम्मै डुबेका छन् । यिनले बनाएको नयाँ नेपाल भनेको भ्रष्टाचार नेपाल हो । सन्यासी समाजमा आतूर भोज खाने चलन हुन्छ । सन्यासीको ब्रम्हले चाल पाउँछ कि अव म मर्छु, अनि उसले सन्यासी समाज बोलाएर भोज खुवाउँछ । त्यो भोजलाई आतूर भोज भनिन्छ । शासनमाथि कूशासनको ग्रहण, देशमाथि विदेशीको अतिक्रमण, देशको अस्तित्व र सतित्व लुटिदैछ, नेताहरू भ्रष्टाचार र अवसरवादलाई अँगालिरहेका छन् । यो नेतृत्वले खाएको आतूर भोज नभए के हो ? हामी बुद्धको देशमा बुद्धु नेता पालिरहेका छौं । मुनाफाका लागि देश बेच्ने, जनता बेच्ने अदानन खसोगीजस्ता भन्दा क्रुर छन् हाम्रा नेताहरू । सुपारी लिएर मान्छे मार्ने माफिया दाउद इब्राहिमजस्ता, सिधै गोली हान्न सत्ताबाट आदेश दिने तालिवानी शासकजस्ता, स्वार्थका लागि जो देश विक्री गरिरहेछन्, लेण्डुप दोर्जीजस्ता नेताहरू । यी परिवर्तनकारी होइनन्, यी त चरम अवसरवादी हुन् ।

अवसरवादीको देश हुन्न, यिनले देशलाई कुनै पनि बेला बेच्न सक्छन् ।

हाम्रा नेताहरूको बिगत हेरौं- नगरवधुको जत्ति पनि बोलीको ठेगान छैन । मह लेपन गरिएको मिष्टान्नजस्तो बनाए लोकतन्त्रलाई । भनिन्छ, खोटा सिक्का धेरै दिन चल्दैन । यी नेता पनि विश्व नजरबाट गिरिसकेका छन्, नेपाली नजरबाट गिरे पनि शक्तिमा त छन्, तर धेरै दिन चल्लानजस्तो लाग्दैन ।

चरित्र र निष्ठा, नैतिकता र सिद्धान्तबिहीनहरूको राजनीति अब अन्त्यको कगारमा पुगिसक्यो ।

हाम्रा नेता र 'इम्परर न्यूक्लोथ'का बादशाहमा फरक छैन । यी नेताहरू दिल्लीमा गरेको १२ बुँदे सम्झौतालाई लोकतन्त्र भनिरहेका छन् र त्यही दिल्लीको सम्झौताको गाँड बोकेर बस्न जनता बाध्य छन् । अब जनविद्रोहको दिन नजिकिदै गएको भान हुँदैछ ।

नेतृत्वले स्वाभिमान गुमाइसक्यो । हाम्रा नेताहरूले कृष्णलालको मकैको खेती कहिले पढेनन् । राणाकालमा डम्बरशमशेर थापाले श्री ३ पद्म शमशेरलाई लेखेको प्रजातन्त्रको बाढीले राणा शासन बगाउन सक्छ भनेर लेखेको पत्र थियो त्यो । डम्बर शमशेरजति पनि सचेत नागरिक देखिएनन् ।

कांग्रेस, एमाले र माओवादीलाई के भ्रम छ भने हामी नै लोकतन्त्र हौं । यो भ्रमबाट यिनलाई निकाल्ने जनताले हो । यिनलाई ज्ञात होस्- बाहुबलीतन्त्रले जनताको मन जित्दैन । चुनाव जित्दैमा लोकतन्त्र हुँदैन । लोकतन्त्रमा लोकको आवाजको सुनवाई हुनुपर्छ । लोकलाई दबाएर लोकतन्त्र जिवन्त हुन्न ।

लोक सचेत भइसके, लोकले शिर उठाउन थालिसके, बोल्न र असन्तुष्टि पोख्न पनि थालिसके । विवेक हुनेले देख्न सक्छन्, जनअसन्तुष्टि । जनतालाई हेप्नेका लागि यो असन्तुष्टि बाढी नबनोस्, यिनलाई नबगाओस्, अहिलेलाई यत्ति भनौं, समय बलवान छ है ।



# काठमाडौं कब्जा गर्नुअघि पृथ्वीनारायण शाह

विक्रमको सत्रौं शताब्दीको अन्ततिर वर्तमान नेपाल सरहदमा काठमाडौं उपत्यकामा नेवार मल्ल राजाहरूको तीन राज्य थियो । पूर्वमा विजयपुर र चौदण्डी (सेन राजा) राज्य थियो । काठमाडौं उपत्यकाबाट दक्षिण मकवानपुरमा सेनराजा थिए । पश्चिमतर्फ गण्डकी क्षेत्रमा २४ वटा र कर्णाली प्रदेशमा २२ स-साना राज्य थिए । पश्चिम कुमाउ, गढवाल, काँगडा लगायतका स्वतन्त्र राज्यहरू थिए । उत्तरतर्फ तिब्बत राज्य थियो ।




काठमाडौं उपत्यकाबाट पश्चिमतर्फको चौबीसी राज्यमध्येको एक गोरखा राज्य थियो । त्यहाँका शाहवंशीय राजाका पूर्वज भारतको चित्तौडका सिसौदिया कुलका सन्तान भएको र ईस्लाम आक्रमणपछि भागेर नेपाल आएका इतिहासकार बालचन्द्र शर्माले उल्लेख गरेका छन् । करिब १५ औं शदीतिर चित्तौड राज्यको पतनपछि यिनीहरू पश्चिम नेपालको पहाडतर्फ लागेका थिए ।

ईसाको तेह्रौं शताब्दीको अन्तमा भारत, चित्तौडमा हिन्दू धर्म मान्ने राजपूत राणा रतनसिंह राजा थिए । रतनसिंहको अर्को नाम राणा भीमसिंह पनि हो । उनको राज्यमाथि तत्कालीन दिल्लीका ईस्लाम शासक सुल्तान अलाउद्दीन खिलजीले३ सन् १३०३ जनवरी २८ मा विशाल सेनासहित आक्रमण गरेका थिए । सुल्तानका सेनाले सात महिना चित्तौड घेराउ गरेर २५ अगष्ट १३०३ मा कव्जा गरेका थिए । सात महिनासम्म भीषण युद्ध भएको थियो । युद्धमा राजा आफ्ना सात पुत्रसहित मारिएका, महिलाले जौहर गरेका र अरू सन्तान भागेका थिए ।

बालचन्द्र शर्माका अनुसार चित्तौडबाट भागेका राणा रावका सन्तानहरूमध्येका एक, पश्चिम नेपालको रीडी, भीरकोट, सतहूँ, गरहूँ, पल्लो नुवाकोटमा स(साना राज्य खडा गरी शासन गर्दै आएका थिए । नुवाकोटका राजा कुलमण्डनका माहिला छोरा कालु शाह, कुलमण्डनको अनुमतिमा गण्डकी प्रदेशको लमजुङमा राजा हुन लमजुङेहरूले ल्याएकोमा, लमजुङका विपक्षी जाति शेखान्तहरूले झुक्याएर हत्या गरेकाले पुनः कान्छा छोरा यशोब्रम्ह शाह लमजुङका राजाका लागि पठाइए । यशोब्रम्ह शाहका दुई छोरा थिए नरहरि शाह र द्रव्य शाह । यशोब्रम्ह शाहको मृत्युपछि जेठा नरहरि शाह लमजुङका राजा भए । कान्छा द्रव्य शाहले पहिले लिगलिगकोट र पछि वि.सं. १६१६, (१५५९ ई.) मा गोरखा विजय गरे र स्वतन्त्र राज्यका राजा भए । द्रव्य शाहपछि पुरन्दर शाह, छत्र शाह, राम शाह, डम्बर शाह, कृष्ण शाह, रूद्र शाह, पृथ्वीपति शाह र नरभूपाल शाह राजा भए । वि.सं.१७९९ (१७४२ ई.) मा नरभूपाल शाहको मृत्युपछि पृथ्वीनारायण शाह गोरखाका राजा भए ।

पृथ्वीनारायण शाह गोरखाका राजा हुँदा वर्तमान नेपालमा ५२ वटा स-साना राज्य थिए । बेलायतीहरू व्यापारको अभिप्रायले भारत प्रवेश गरेर त्यहाँका राज्यको आन्तरिक कमजोरीबाट फाइदा उठाउँदै, एकपछि अर्को राज्य जितेर सिङ्गो भारत कव्जा गर्न उन्मूख थिए । अङ्ग्रेजहरू युद्ध र रणनीतिमा पोख्त थिए । आधुनिक हतियार र तालिमले सुसज्जित सैन्य सङ्गठन गरेका थिए । तत्कालीन भारतका शक्तिशाली राज्यहरूलाई पराजित गर्न सफल अंग्रेजका लागि नजिकैको नेपालका पहाडी स-साना राज्यहरू खासै चुनौतिपूर्ण थिएनन् । नेपालका राज्यहरू आपसमा युद्ध गरिरहन्थे । एकता र विस्तार गर्ने प्रायः सबै राज्यका राजाको चाहना हुन्थ्यो ।

पृथ्वीनारायण शाहका पूर्वजले पनि राज्य विस्तार गरी ठूलो भू-भाग विजय गर्ने र शक्तिशाली राज्य निर्माण गर्ने योजना गरेका थिए तर छिमेकी शक्तिशाली राज्यसँगको निरन्तरको द्वन्द्व र अवरोध, स्पष्ट योजनाको अभाव र आन्तरिक स्रोत साधनको कमी-कमजोरीका कारण पूरा हुन सकेको थिएन । पृथ्वीनारायण शाहले पूर्वजका सपनालाई बालक उमेरदेखि नै महसुस गर्दै आएका थिए । जेठीआमा चन्द्रप्रभावती र गोर्खाका वीर योद्धाहरूसँगको सानैदेखिको सामीप्यबाट उनी भित्रभित्रै गोर्खा राज्यको विस्तारमा दृढ थिए । उनी साहसी, युद्धप्रिय युवाहरूसँग निरन्तर सम्पर्कमा रहन्थे । छिमेकी लमजुङ, तनहूँ लगायतका राज्यबाट हुनसक्ने अवरोधबारे विमर्श गरिरहन्थे । उनले उपत्यकाका मल्लहरूको कमजोरी थाहा पाउने गर्थे थिए ।

पृथ्वीनारायण शाह विशाल र शक्तिशाली देश निर्माणका लागि उत्सुक विभिन्न जातिका युवा, बृद्ध, महिलाहरूको मनोभाव बुझ्दथे । आफू अघिका गोर्खाका शाह राजाहरूको असफल प्रयासका बारेमा उनी जानकार थिए । खासगरी वि.सं. १७९५ मा तत्कालीन मकवानपुर राज्यका राजा हेमकर्ण सेनकी छोरी इन्द्रकुमारीसँग विवाह भएपछि पृथ्वीनारायण शाह युवराज छँदै आफ्ना विश्वासी भारदारसँग अर्को वर्ष डोला (दुलही) लिन भनी मकवानपुर गएका र फर्कदाँ काठमाडौं उपत्यकाको दक्षिणतर्फको चन्द्रागिरि डाँडाबाट काठमाडौं उपत्यका हेरेका थिए । पृथ्वीनारायण शाहले आफू राजा भएपछि काठमाडौं उपत्यका विजय गरि छाड्ने दृढता बोकेर आफ्ना विश्वासी वीरहरू मानसिंह रोकाया, रणजित बस्नेत र वीरभद्र पाठकसँग रणनीतिक छलफल गरेका र उनीहरूको सहयोग र हौसलाबाट आफू उत्साहित बनेको दिव्य-उपदेशमा उल्लेख गरेका छन् ।

गोर्खाली सेनाका वीरहरूसँगको छलफलपछि पृथ्वीनारायण शाहले पाल्पा राज्यका तत्कालीन युवराज उद्योत सेनसँग प्रश्न गरेका थिए । मेरा (साथ) राज्यमा बाहुन, खस, मगर र ठकुरीसमेत चार जातका सिपाही छन् । यिनीहरूमध्ये क-कसको सवार गरेमा नेपाल (काठमाडौं उपत्यका) कव्जा गर्ने मेरो काम चाँडो फत्ते होला ? पृथ्वीनारायण शाहको प्रश्नको जवाफ दिदै उद्योत सेन भन्छन्: *बाहुनको सवारी भनेको वयलको सवारी गर्नुजस्तै हो, यसो गरेमा पछि पातक लाग्छ । ठकुरीहरूको सवारी गर्नु भनेको सिंहको सवारी गर्नु जस्तै हो । पछाडि दगा हुन्छ । मगरहरूको सवारी गर्दा टाँगन घोडाजस्तै हो । यसो गर्दा ढिलो हुन्छ । तर खसहरूको सवारी गर्नु भनेको ताजी तुर्की घोडाको सवारी गर्नुजस्तै हो । यसैले खसहरूको सवारी गरेमा आफूले आँटेको काम चाँडै फत्ये होलाजस्तो मलाई लाग्छ ।*

पृथ्वीनारायण शाहले वि.सं. १८३१ मा देहान्त हुनुअघि टिपाएको तथ्य वृत्तान्त (दिव्योपदेश) मा पाल्पाका युवराज तथा मामा उद्योत सेनका अर्ती सम्झेर बोलेका त छन् तर उनले सङ्गठन गरेको सेनामा खस, मगर, गुरूङ र ठकुरी बाहेक आफ्नो राज्यमा बसोबास गर्ने सबै जातका युवालाई सेनामा भर्ती भएर नेपाल एकीकरणको महान यात्रामा सहभागी हुने मौका दिएका थिए । वर्तमान नेपाल एकीकरणका युद्धमा पाँडे (पाण्डे, पन्त (पन्थ), अर्याल (अर्ज्याल), थापा, बस्न्यात, रोकाया, बोहरा, पाठक, गुरूङ्ग (घले, राना (मगर), खवास, कुँवर, खत्री, शाह (शाही), बाँनिया, विष्ट, माझी, अधिकारी, भण्डारी आदि जातका सैनिकको सक्रिय योगदान थियो ।

वि.सं. १७९९ मा गोर्खा राज्यको राजा भएपछि पृथ्वीनारायण शाहले बनारसको यात्रा गरे र केही बन्दुक, बन्दुक मर्मत गर्ने, चलाउने, सिकाउने मुसलमान कालीगढसमेत गोर्खा ल्याए र गोरखाली सेनामा अजिटन पद र गोरखामा घरखेत दिएर राखे । गोर्खाका गाउँगाउँमा गएर युवाहरूमाझ यत्तिकै बसेर केही हुँदैन, पौरख गर्नुपर्छ, राज्य विस्तार गर्नुपर्छ भनी युद्धका लागि उत्प्रेरित गर्नथाले । जनतासँग सामिप्यता बढाए सैनिकको हौसला बृद्धि गर्नथाले । सैनिकसँगै आफैं युद्धमा साथ लागे । छिमेकी लमजुङ र उपत्यकाको भक्तपुर राज्यसँग सन्धि गरेर सम्भावित अवरोधबाट ढुक्क भए । सहयोगका लागि मार्ग प्रशस्त गरे ।

वि.सं.१८०१ असोजमा तत्कालीन कान्तिपुर अधिनको नुवाकोट विजयपछि क्रमशः उनले काठमाडौं उपत्यका वरपरका स(साना क्षेत्रहरू विजय मात्र गरेनन्, त्यहाँका जनतालाई आफ्नै बनाए । सम्भावित सैनिक प्रतिभा भएका युवालाई घरखेत दिएर सेनामा भर्ती गरे । नुवाकोटपछि साँखु, चाँगु, महादेवपोखरी, काभ्रे, दोलखा, सिन्धुपाल्चोक, सिन्धुली, मकवानपुर, कीर्तिपुर, कान्तिपुर, ललितपुर, भक्तपुर, पूर्वी नेपालका विजयपुर, चौदण्डी, किराँत प्रदेश लगायतको ठूलो र विशाल भू(भाग विजय गरी वि.सं.१८३१ माघ १ मा मृत्यु हुनुअघि, विश्वमानचित्रमा अस्थिर र क्रमशः बिलुप्त हुँदै गएको नेपाल र नेपालीको लागि भविष्यको नेपाल राष्ट्रको परिकल्पनालाई साकार तुल्याउन स्पष्ट योजना (बाटो र आकार देखाइदिए ।

पृथ्वीनारायण शाहले भू(भागको विजय मात्र गरेनन्, बलियो अनुशासन, स्तरीय तालिम र आम मानिसले भरोसा गर्न योग्य एक सैनिक सङ्गठनको जग पनि राखिदिए । त्यस सैनिक सङ्गठनमा विभिन्न पदहरू सृजना गरिदिए । युवाहरूमा साहस, वीरता र त्यागको भावना त थियो तर त्यो कहाँ ? कसरी ? कहिले ? प्रष्फुटन गर्ने भन्ने अन्योलपूर्ण अवस्थाबाट गुज्रिरहेको परिवेशमा पृथ्वीनारायण शाह 'मियो' बनेर ती वीर, साहसी, समर्पित युवालाई विभिन्न पदले सुशोभित तुल्याए अनि आफू वरिपरि सजाएर राखे । आफ्ना पूर्वजका सोही मनोविज्ञान र संस्कारअनुरूप आफू र आफ्नो परिवार, वंश, सन्तति, कुल, संस्कृति, परम्परा, धर्म, देश समेतको सुरक्षा र सम्बर्द्धन हुनसक्ने सम्भावना देखेर यस भू(भागका वासिन्दाहरू आफूमा निहीत शौर्य देखाउन, त्याग गर्न, आफूलाई समर्पण गर्न, बलीदान गर्नको खातिर पृथ्वीनारायण शाहले सङ्गठित गरेको सेनामा प्रवेस गरे । आफूलाई सङ्गठनका उच्च पद पाउन र योग्य सावित गर्न सक्दो प्रयास गरे । त्यो प्रयास केवल पदको लागि पनि थिएन, आजका मानिसले अपेक्षा गर्नेजस्तो व्यक्तिगत कमाई र लाभका लागि थिएन । त्यस प्रयासभित्र देश निर्माणको असल चाहना थियो । सदियौं वर्षअघिदेखि आफ्ना पूर्वजले भोग्दै आएका पीडा, हीनतावोध र कमजोर भएर रहनुपर्दाका कठिनाईलाई महसुस गर्दै, अबका दिनमा आफू र आफ्ना सन्तानले युगौं पछिसम्म यस्ता पीडा भोग्न नपरोस् भन्ने राम्रो कारण थियो ।

'सुबेदार' नेपाल भूमि र नेपाली सैनिक सङ्गठनमा यही परिप्रेक्ष्यमा सृजना भएर हुर्किएको, फुलेको, फलेको एउटा महत्वपूर्ण पद हो । पृथ्वीनारायण शाह गोरखाका राजा हुँदा अस्तित्वमा रहेका स(साना राज्यमा साना-ठूला सैनिक सङ्गठन थिए र त्यहाँ अनेकौं सैनिक पद थिए । तिनको योगदान आज गणनामा छैन । तर गोरखा राज्यको सैनिक सङ्गठनमा प्रचलनमा रहेको सुबेदार पद त्याग, समर्पण, एकता र बलिदानीको धरोहर बन्नसक्यो । सुबेदारहरूले आपसी सहयोगका लागि, समाजको भलाईका लागि, जातीय स्वाभिमानका लागि 'आत्म बलिदानलाई सभ्यता मान्ने' पूर्वजका आदर्श पक्षलाई साँच्चिकै व्यवहारमा उतारिदिए । त्याग र बलिदानलाई आत्मसात गर्ने कतिपय सुबेदार इतिहासका पानामा अमर बन्न सकेका छन् ।

संसारका स्थान विशेषका सैनिकको युद्ध लड्ने तौर तरिका फरक हुन्छन् । प्रायः जातीय र स्थान विशेष अनुकूल अपनाइने त्यस प्रकारका युद्धशैली त्यहाँको सैनिक सङ्गठनका लागि संख्या, हतियार आदि स्रोत-साधन जत्तिकै महत्वपूर्ण मानिन्छन् । पृथ्वीनारायण शाहको नेतृत्वमा सङ्गठित नेपाली सेनाका सुबेदार हरूले आफूभन्दा संख्या, हतियार, तालिम आदि सबै पक्षमा सबल सैनिकसँग गुरिल्ला युद्ध लडेर शुत्र सेनालाई हायलकायल पारेका थिए । पहाड र जङ्गलले ढाकिएको नेपालको भूगोलमा यदि आफूभन्दा बलियो शक्तिसंग लड्न परेमा गुरिल्ला शैलीमा युद्ध लडेर, देशको भूमि जोगाउन तत्कालीन सेनानायक र सुबेदारहरूले आजका सैनिकका लागि हस्तान्तरण गरेको सबल सैन्य सङ्गठन र देशको नक्शापछिको अर्को एउटा अचूक अस्त्र हो । भारत र चीनजस्ता विशाल र शक्तिशाली देशका बीचमा रहेको नेपाल र नेपाली सैनिकका लागि गुरिल्ला युद्धशैली पूर्वजबाट प्राप्त अर्को एक महत्वपूर्ण आत्मबल हो । वर्तमान नेपाल एकीकरण अभियान थालनीको नेतृत्वकर्ता राजा पृथ्वीनारायण शाह थिए भने सफल गुरिल्ला युद्धका प्रयोगकर्ता खासमा उनका सुबेदारहरू नै थिए । नेपाली भूमिमा गुरिल्ला युद्धको सफल प्रयोगका नायकका रूपमा त्यसकालका सुबेदारको खोज र यथोचित मूल्याङ्कन हुन बाँकी छ ।

खासगरी वि.सं. १८१९ मा मकवानपुर राज्य विजय र सोही वर्ष मीरकासीमका सेनापति गुर्गीन खाँ नेतृत्वको सेनालाई पराजित गरी हात परेका हतियारको आधारमा पृथ्वीनारायण शाहले खडा गरेका पाँच स्थायी सैनिक कम्पनीका मुख्य अधिकृत सुबेदार पद बनेपछि, नेपालमा सुबेदार चर्चामा आउन थालेको हो । तत्कालीन अवस्थामा सुबेदारहरू युद्ध र नेतृत्वको दोहोरो भूमिकामा थिए । उनीहरू सैन्य सङ्गठनभित्र तल्लो तहका सैनिकको अभिभावकझैं थिए । त्याग उनीहरूमा प्रबल थियो । विजयको अभिलाषा उच्च थियो । भङ्गाला फाटेका नदीका हाँगाझैं एक-अर्को राज्यमा विभाजित भएका नेपालीहरू, नेपाली सेनाको सिङ्गो स्वरूपमा समाहित भएर, एकीकृत भएर युद्ध लडे र आफू मात्र जोडिएनन् देशलाई र भूगोललाई पनि एउटै सूत्रमा जोड्न सफल भए । परधर्मीहरूको आक्रमणबाट स्वतन्त्र राख्नसके । जाति, धर्म र संस्कृतिमाथिको आक्रमणबाट बचाए । 'सुबेदार' खासमा अलगअलग देशमा फुटेको भूमि र योद्धालाई एउटै डोरी मा जोड्ने अदृश्य 'रसायन' बन्यो । सुबेदार रक्षक बन्नसक्यो । 'सुबेदार' हरू असल अभियन्ता बन्न सफल भए ।

नेपालका सुबेदारहरूले देश मात्र निर्माण गरेनन्, टुक्रिएर, क्षीण हुँदै गएको राष्ट्रिय शक्तिलाई, नेपाली जातीय वीरतालाई एकत्रित गरी, छरिएर, सुषुप्त अवस्थामा रहेको आर्य, खस, क्षत्रीय वीरताको जिजीविषालाई पूर्णता दिए । टुक्रा राज्यमा विभाजित लडाकु र ती राज्यप्रति वफादार सैनिक र जनतालाई गोरखा अर्थात् नेपालको केन्द्रीय राज्यप्रति वफादार बनाउन सफल भए । एकताबद्ध भए शक्ति आर्जन हुने रहेछ भन्ने सन्देश दिए । आफ्नै खुट्टामा उभिएर, आफैं लड्नसक्ने क्षमताको विकास गरे र त्यसलाई निरन्तरता दिन समर्थ बने । नेपाली वीर जातिको परिचय दिन सफल भए । नेपाली जातिमा, नेपाली भूमिमा, नेपाली सेनामा, इमान्दारी, वीरता र बहादुरीको परम्परा कायम राख्न सफल भए । यस क्षेत्रका साना-ठूला राज्यको अस्तित्व निमोठ्दै आएको अङ्ग्रेज शक्तिको आक्रमणको प्रवाह रोकेर, नेपाल भूमि र नेपाली जातिको, गोर्खाली जातिको, विश्वमै वीर गोर्खाली, वीर नेपालीको यशश्वी पौरूषत्व आर्जन गर्न तत्कालीन सुबेदारहरू सफल भए । एकीकरणको त्यही चरणबाट नेपाल र नेपालीको वीरता विश्वप्रसिद्ध हुनेक्रम सुरू भएको हो । विश्वको सैन्य रङ्गमन्चमा नेपालीहरूको बहादुरीको गाथा त्यसपछि नै लेखिएको र फैलिएको हो । बहादुर लडाकु गोरखाली र वीर नेपालीको यशश्वी गाथा शताब्दीयौं पछिसम्म अझै ताजा छ । यस सुकार्यका लागि पर्दापछाडि रहेका अरू पदका र सुबेदारको भूमिका अनुकरणीय छ । आफू वीर बनेर चम्किएर, कोरा युवालाई वीरताको कसीमा घोटेर, सुप्रसिद्ध वीर बनाउन तत्कालीन नेपाली सेनाका सुबेदारहरूले खेलेको भूमिका अनन्त र अतुलनीय छ । नेपालमा मात्र नभएर विश्वमै, सुबेदारको योगदान, सदैव चीरस्मरणीय छ । तसर्थ, 'सुबेदार' केवल नेपाली सैनिक सङ्गठनको मात्र नभएर नेपाल देशका गौरव हुन् । विश्व सैनिक इतिहासमा 'सुबेदार' अथक योद्धा हुन् । वीर सपूत हुन् । विश्व सैनिक रङ्गमन्चमा कहिल्यै नअस्ताउने चहकिला तारा हुन् ।

मोहन थापाद्वारा लिखित 'सुबेदार' पुस्तकबाट अंश साभार गरिएको हो ।

# कसको लागि सन्धि सम्झौता ?



सुरेशकुमार पाण्डे

हाम्रो देश भारत तथा चीनको माझमा अबस्थित् एउटा सानो भूपरिबेष्ठित् गरिब अर्ध सामन्ती र अर्ध उपनिवेसिक अबस्थामा रहेको देश हो । कुनैपनि समयमा देश कतै कोल्टे पर्छ भने दुर्घटना हुनसक्छ भन्नेबारे सबैलाई ज्ञात भएकै कुरा हो । असंलग्न अर्थनीतिलाई आँच नआउने व्यवहार गर्नुपर्छ ।

चीन र भारत एसियाका मात्र होइनन् बरू विश्वकै शक्तिशाली देश मध्यका हुन यसमा कसैको पनि आर्को मत छैनहोला । दुबै देशको राजनीतिक आचरण रूझान भनेको साम्राज्यादी नै हो ।त्यसबैरेमा पनि खासै फरक बिचार नहोला । हामिले बुझ्नैपर्ने कुरा हो । यो सबै बिचारको बाबजुद हाम्रो समाजपनि दुई प्रकारको देखिन्छ । एउटा चीनको नजिक आर्को भारतको नजिक । खास गरेर भारत र नेपालको बिचमा खुला सिमानाका कारण दिनौं आगागमन हुँदा यहाँका जनता पनि मिश्रृत रूपमा देखिन्छन् । त्यसैले राजनीतिक रूपमा पनि भारतको हितेशी जन्मजात काँग्रेस पार्टी रहँदै आएको छ ।अरू धेरैजसो बामपन्थीहरू मौका परस्त देखिन्छन् । उनिहरूको बिचमा सत्ता प्रमुख हुनेगर्छ । सत्ताकै लागि एमाले र काग्रेसको बिचमा साझेदारी छ ।

खास गरेर भारतिय समाज र नेपाली समाजको आचरण संस्कार रहन सहन भारतसँग मिल्दो जुल्दो बढी छ । नेपाल र भारतको बिचमा भएको शान्ती तथा मैत्रि सन्धि पछि भारती र नेपाली जनता एक अर्काको देशमा निर्वाद आगागमन हुनेहुँदा भारतिय संस्कृती नेपालमा बढी मात्रामा लागु भयो । तर चीन सँग त्यस्तो सम्बन्ध छैन कयौं ठाउँमा उनिहरू खास गरेर तिब्बतीहरूको भुटानीहरूको नेपालमा शरणार्थीको रूपमा राजधानीमा बसोबास गरेका छन् ।

नेपाललाई विश्वमा एकमात्र हिन्दु राष्ट्र घोषणा गरेका थिए । त्यसले गर्दापनि आफुलाई हिन्दुको रूपमा बुझ्नेहरूले हिन्दुस्तनको नजिक आफुलाई ठान्दछन् । पनि नेपालमा सयौं जात जाती र भाषा धर्मावलम्बिहरूको बसोबास छ । अहिले पनि नेपाललाई हीन्दु धर्ममै फर्काउनुपर्छ भन्नेहरू पनि छन् । वास्तबिक रूपमा सबै जात धर्मको सम्मान् गर्ने र कुनैपनि जातीय र धार्मिक आधारमा अपहेलित र उत्पिडित गर्नु कानुनी अपराध हो । त्यही सम्बिधानमा उल्लेख पनि छ ।

जेहौस् मुख्य कुरा देशको हो । हाम्रो देश एसियाका दुबै शक्तिशाली र ठुला देशको चपेटमा परेको छ भन्नेकुरा कसैसँग पनि लुकेको छैन । हाम्रो समस्या के हो भने हाम्रो रूझान कतै बढी ढल्कियो भने देश दुर्घटनामा पर्नसक्छ । छिमेकी मूलुक भारतले स-साना बिषयमा पनि आर्थिक नाकाबन्दी लगाएको इतिहास हाम्रो अगाडी नै छ । २०२७, २०४५, २०७३ सालमा बिभिन्न बहानामा नाकाबन्दी लगाएको थियो । यथार्थमा चीन र भारत दुवै देशहरू साम्राज्यवादी रूझानका हुन् । उनिहरूको बिचमा सुरू देखिनै विवाद र प्रतिस्प्रधा रहँदै आएको छ ।

यसमा भारत अलि बढी छ भन्ने कुरा उसले पटक पटक देखाउँदै आएको दादागरी ,अतिक्रमण,लगायतका व्यवहारहरूले पुष्टी गर्दै आएको छ । तर कयौं पटक चीनलेपनि आखा नदेखाएको होइन । हाम्रो देशका नेताहरू भने यो सबै जान्दाजान्दै पनि अन्जान् बन्दै आएका छन् ।उनिहरूले आ-आफ्नो सत्ता स्वार्थकै लागि देशलाई भिरमा पुराएको हेक्का राखेका छैनन् । अहिले नेपालका प्रधानमन्त्री चीनको भ्रमणमा गएको अवसरमा बी आर आई सम्बन्धि कुरा उठाउँदा यो सम्झौताको बारेमा गठबन्धन् सरकारको आआफ्नै प्रकारको रूझान देखा पर्यो । कांग्रेसले भारतलाई नाराज गराउन चाहाँदैन र त्यस सम्झौताबाट फर्किन् दबाव दिन्छ । त्यो सम्झौता आजको होइन । सन् २०१७ को नै हो । बी आर आई सम्बन्धी समझदारी पत्रमा नेपाल र चिनिया सरकार बिचमा हस्ताक्षर भैसकेको छ ।

त्यो हस्ताक्षर पछि अहिले सम्म परियोजना विकाशमा कुनै महत्वपूर्ण निर्णय हुनसकिरहेको छैन । त्यसपछि प्रचण्डको चीन भ्रमण भयो त्यो वेला दुबै देशले जती सक्यो छिटो परियोजनालाई अन्तिम रूप दिने बताएका थिए ।

वास्तबमा यो अनुमान लगाउँन सकिन्छ यती लामु समय सम्म यो छिमेकी मुलुक भारतको दवाबमा लागु हुन सकिन । यसबारेमा एकजना अन्तरराष्ट्रिय सम्बन्धका ज्ञाताले "पश्चिमी देशहरू र छिमेकी मुलुक भारतबाट आएको दबावका कारण नेपालमा बी आर आई अंघी बढ्न नसकेको भन्दै त्यसलाई व्यवस्थापन गर्न काठमाण्डुको चुनौती भएको' पनि बताएका थिए । त्यो उनले भनेको कुरा सत्यको नजिक वा सत्य नै हुनसक्छ । जब चीनले यो बी आर आईको परियोजना बनायो अमेरिकाले त्यो योजना बिफल गर्ने उदेश्यले एमसीसीको परियोजना अगाडी सार्यो । सन् २०१७ अगस्त महिनामा बसेको बैठकले नेपाललाई लगभग ५०अर्बको अनुदान भनेर दिन स्विकार गर्यो । यसै अनुसार एमसीसी र नेपालको सरकार बिच विस.२०७४ भदौ २९गते एमसीसी सम्झौता सम्पन्न भयो । उक्त सम्झौतामा तत्कालिन अर्थमन्त्री ज्ञानिन्द्र बहादुर कार्की र अमेरिकी एमसीसी कार्यक्रमका कार्यवाहक प्रमुख कार्यकारी अधिकृत जोनाथन नाशले हस्ताक्षेर गरेका थिए ।

यथार्थमा एमसीसी माओवादीले मागेको र अमेरिकाले दिएको थियो । खिचलो माओवादीले झिकेको हो र माओवादी नै सहमत भएपछि संसदबाट पास भएर यतबिला कार्यान्वयन भइरहेको छ । एमसीसीमा थप सहयोग दिने कुरा आएको छ ।

यता बीआरआई । आखिर बी आर आई के हो त ? यसबारेमा थोरै भएपनि जानकारी गरौं । सन् २०१३ को सेप्टेम्बरमा काजकिस्तानको भ्रमणका समयमा चिनियाँ राष्ट्रपती सी जिनपिङले बृहत् पूर्वधार र आर्थिक विकासमा केन्द्रित् "वान वेल्ट रोड"को घोषणा गरेका थिए । यसै महिना चीनले सार्वजनिक गरेको बी आर आई श्वत् पत्रका अनुसार " जुन २०२३सम्म चीनले १५०व़टा भन्दा बढी देश र ३०व़टा भन्दा बढी अन्तरराष्ट्रिय संस्थाहरू सँग २००व़टा भन्दा बढी सहकार्याको सम्झौतामा हस्ताक्षर गरेको छ । बी आर आई अन्तरगर्त लगानि गरिएका भनिएका १० खर्ब डलर मध्य अधिकांश जलश्रोत र रेलवे सहित ऊर्जा एव़म यातायात परियोजनामा खर्च भएका छन् । भनिन्छ चिनिया राष्ट्रपती सी जिङ पिङ शक्तिमा आएपछि सन् २०१३ मा परिकल्पना अनुसार चीन सरकारले १७० भन्दा बढी देशहरूमा लगानी गर्न अप्नाएको विश्वव्यापी पूर्वधार, विकास रणनीति हो ।

कतै अन्य देशहरूलाई ऋणको भार बोकाएर आफु शक्तिशाली हुन खोजेको त होइन भन्ने पनि चीनमाथि शङ्का उपसङ्का हुँदै आएको पनि छ । कयौंले चीनको यो चालबाजी भनेर पनि आलोचना गर्दै आएको देखिन्छ । तर चीनले भने बी आर आई अन्तरराष्ट्रिय बन्दरगाहा,पावर पलान्ट ,रेल मार्ग, सडक,पुल र सूचना प्रविधीमा काम गर्ने बताएका छन् । यसरी नियाल्दा यदी यो सम्झौता लागु हुन्छ भने हाम्रो देशको लागि एउटा उपलब्धी पनि हुनसक्छ । हाम्रो देश भूपरिबेष्ठित अबस्थामा छ । भारतले कयौंपटक पारगमन सम्झौतालाई उलङ्घन् गर्दै आएको अबस्थामा एउटा यो विकल्प पनि हुनसक्छ । हाम्रो लागि बी आर आई केही हदसम्म राम्रो हुनसक्छ तर बुद्ध पुर्‍याउन सके एमसीसी पनि विकासको लागि साधक नै हुनसक्छ ।

हामिले हाम्रो देशका हित कसरी हुन्छ त्यसबारेमा गहन चिन्तित् र चलाख हुनुपर्दछ । नेताहरूको व्यवहार हेर्दा के बुझेका छौं भने दक्षिणतिर बन्दुक ताकेभने निशाना उत्तर तिर हुन्छ । अमेरिकामा पानी पर्यो भने छाता नेपालमा खोज्छन् तर नेपालमा पर्यो भने उनिहरू लुथ्रुक्क नभिज्दा सम्म छाता भेटाउँदैनन् ।

सवल नेपाल र नेपालको नीति, नीतिनिर्माता र कार्यान्वयन पक्ष हुनुपर्छ ।

# There is awareness in Sikkim with a democratic system



**Rajan karki**
Chief Editor, Gorkha Express Weekly, kathmandu

*Thank you Telegraph Nepal.com. For reminding me of this idea from some time ago. Thanks to Facebook too.*

Where is the country's politics heading foræ Have you any ideaæ The parties have become the savior of impunity, and a safe haven for criminals and terrorists. The nation which purifies the anti social and undemocratic forces, such a nation is bound to become a Jungle regime. The sovereign people have the right to pounce upon the anti-people elements but this sovereign right of the people have gone into the hands of the four party syndicate as if it were their private properties
Even after the formation of the new government led by Chief Justice Khil Raj Regmi, the general population doesn't appear that much pleasedæ Why soæ
If the political parties have divided the nation on ethnic, language and religious lines then concurrently the State organs have become lethargic due to over politicization. So how the people could become happy when this hapless and helpless government has just come about as if it were the workers of the four party consortiumsæ It has been more than twenty four days of the Regmi government in office yet he has not made any address to the nation. The government which remains answerable to only four parties how can the people become happyæ Instead, the people appear to be in a mood to erupt like a volcano anytime soon being tired of the ones who have become the synonymous of mal-governance.
A section of intellectuals say that this government was formed trampling the basic fundamentals of constitutionalism and separation of power theory in a democratic system. What say you Mr. Karkiæ Is the protest just for the sake of protest or what else thenæ
It is just like setting ablaze the democratic system if you hand over all the State organs into the hands of one single individual. It is an act that tarnishes the very image of a democratic system. The four parties have made the notion of constitutionalism and separation of power theory a mere drama by elevating Justice Regmi as a clown. Question thus is why the Chief Justice with his post remaining intact could assume the post of the country's Prime Ministeræ Ignoring all these constitutional aspects the government has been formed thus one could suspect as to whether it is the grand design of the Maoists' tactical equilibrium in order to dismantle the vital organs of the State, for example, the judiciary, parliament, and the executive at a single stretchæ Do they want to shoot all these state organs by putting the guns in the shoulders of Justice Regmiæ Many people suspect to what I have stated.
It is being widely believed that Chief Justice is the choice of some developed countries in the West, for example, the US, the European Union, India and Japan. Why these countries may have selected Justice Mr. Regmiæ Any substantial political reasonæ
Yes! Mr. Regmi may not only be the choice of mere four parties, he may have been the preferred one of the foreigners as well. But Justice Regmi is not the preference or say the choice of the people. Today's Nepal situation resembles that of Rwanda of 2009. Any time, anything untoward could happen here. If Canada has closed down its assistance to Nepal then the World Bank looks after Nepal from being stationed in Dhaka. The major parties decided to handover the political decisions that were to be made by them to the foreign elements. The foreign players wish to weaken Nepal politically, diplomatically and also administratively in order to get their prime interests fulfilled. They just want to make Nepal as their fortress. Our parties now have begun believing not in Nepalism but alienisms. Justice Regmi's elevation is just a representative symbol of it all. Khil Raj Regmi is both the Chief of the Executive and the Chief Justice. Both posts he has. Will not it be nice if Justice Regmi resigns from one post as per the wishes of the peopleæ How you take itæ
Such exclusive right was reposed on Prime Minister Krishna Prasad Bhattarai in 1990-91. He was a statesman and he served the nation as per the rights bestowed on him by the nation in a magnificent manner. Regmi is just a bureaucrat and thus he is being held suspect. Regmi doesn't want to be observed in a single role. There is the danger lurking that Justice Regmi may turn an anarchist and may impose authoritarian rule. Fear is that how the domestic and the foreign players force him to play against the national interests. May people now suspect his credentialsæ
A section of the NC and the UML claim that elections can't be held if Justice Regmi continues in both the postsæ So will the election be heldæ
The daughter-in-law (Buhari) who doesn't know how to dance makes several excuses. Justice Regmi has double character and that it has already been more than four weeks he is yet to talk with the dissenting parties who have been opposing the election. Black flags are being raised and the effigies of the Chief Justice are being burnt and the process of Nepal closure has become routine affair. Nobody will believe the conduct of the poll when the nation is about to fall from a cliff (Krishna Bhir). The government head is not only with a communal mindset but also an irresponsible person who enjoys the Fagu (color festival)together with his Palpali brethren and has also encouraged communalism while making key appointments. And he is the one who prefers to enjoy visiting foreign countries at this critical time back home. We can say that Regmi's relevance has already come to an end because he lacks the capability in handling the State of affairs of this battered nation. He lacks the spirit.
Very recently the US Ambassador Peter W. Bodde appealed the Nepali population to embrace polls which he said much ahead of what should have come from Justice Regmi. Could some inner connection be made between the twoæ
Mind it that diplomats from the Super powers remain guided by their own national policies. The courage taken to convince the Nepalese is much similar to slapping up the entire Nepalese population. The excitement and the suggestions made by the foreign powers on matters where we have not demanded their suggestions indicates that how much they have been influencing us and also makes it clear as to how fast we are becoming like a parasite. This is a dangerous signal. Justice Regmi stands like a statue, however, the Ambassadorial activities of various countries have suddenly increased. We have been shrinking our own political stamina and acumen.
President Jimmy Carter suggested the Nepal government to ease some restrictions imposed on Tibetan refugees. Has Carter made such a statement in order to tease Chinaæ What could be his political interests in saying so Mr. Karkiæ
The fact is that when incompetent leaders take the support of the foreigners, it is obvious that the US, India, EU and the Scandinavian countries should wish to make Nepal a country prone to violence and a strategic location. Not only is the playground of the regional forces but also our country becoming the strategic center of the World power midpoint. In order to tease China from Nepali soil, several tricks are being played right in our landmass. The US never compromises with its core interests. Under the cover of election observation, the Carter center, an illegal INGO in Nepal, all that this center wants is to target Nepal-China relations and raise the issue of free Tibet movement. The blind leaders do not see to these nationalist aspects. President Jimmy carter raised the issue of Tibet. And Justice Regmi remained as a mere spectators who could not utter even a single word. This exposed his surface in many more ways than one.
Foreign maneuvering has increased. This is being said by some including Nepali Congress leader Dr. Shekhar Koiralaæ But so far we have failed in noticing such foreign playsæ Has it increased as per the rumorsæ Have you noticed such a playæ
To recall, Dr. Koirala was the priest of Chairman Prachanda, the representative of late Girija Prasad Koirala and a trusted partner of the Delhi regime at time of the 2005-6 movement. Dr. Koirala is the one who under the influence of New Delhi even rejected the theories of late BP Koirala and he is also the one who encouraged GP Koirala to become the President of Nepal. How can Dr. Koirala claim that foreign play has increased in Nepal of late because he is the one who has damaged the credentials of the Nepali Congress and the net result of which has been that the NC neither is here nor thereæ Has Dr. Koirala forgotten as to how all of a sudden his own party on March 14, 2013, took a surprising decision overnight which made Justice Regmi the Chief of the Executiveæ
It is talked that if Justice Regmi fails to conduct the poll on time then the consequences could be a disastrous oneæ What do all these meanæ Is it an indication of the approaching bloodshed once again or a fierce civil waræ Give it any name. The fact is that the Jungle Raj-regime- is very much similar to a situation where there is the absence of rule of law and the presence of a leadercracy which has no responsibility towards the Nation. Several issues confront the nation as of now for conducting the poll. The leaders and the Head of government possess no moral propensity to address these challenges that confront the nation today. So the situation may become anarchic which is only but natural. Regmi government is just a symbolic representation of the summary failure of the four parties. Justice Regmi is nothing more than a flower bouquet placed inside a plastic vase. It is futile to expect fresh and pure water from a polluted water source. One can't rule out the likelihood of fresh violence and bloodshed.
So then how to take the movement of 2005-6æ Was it a good one or bogusæ
People supported movement must have a positive end. The movement was the mixture of power of the People's War, foreign assistance and a mindset of taking revenge with the prevailing monarchy. This was perhaps the chemistry of the movement. The movement did bring change; however, the people could not get the expected results. They were denied. The adhesive chemical that had glued the then agitating parties lost its chemical effect and thus such a situation changed even the structure of the agitating forces. Democracy went in to the hands of monkeys. Or it became a cocoanut in the hands of a monkey. The result thus landed with no positive gains for the people. The movement that was taken as a Historic one now has become an issue for repentance.
RPP-Nepal Chairman Kamal Thapa in a determined manner claims that he will restore the now sidelined monarchy. How to believe his claimsæ Is it still possibleæ What say you Mr. Karkiæ All that Kamal Thapa has said that Constitutional monarchy and democracy should go together. He demands referendum in settling the issues of Republican order, federalism and secularism. People appear to have endorsed Thaps's views to a greater extent. What percentage of people's mandate the institution of monarchy was sidelined and similarly how the nation was declared a secular oneæ Mind it that these issues were floated by Krishna Prasad Sitaula who was an election defeated candidate to which the then CA members clapped. The CA body which clapped then remains no more in this material world thus those issues have now become more than relevant. The then King if comes out from Nirmal Nivas, then the political parties which have now embraced party less system will automatically land in the 1990 constitution. The symptoms of all these have become evident as and when the sidelined King makes religious trips here and there across the country. Politics and rivers never go straight. In politics, neither you have a permanent enemy nor a lasting friendship. Nothing is impossible in politics. The people have begun asking as to whether one King is good comparatively than having several politically affiliated and corrupt Kingsæ
Being a senior journalist, how you take the prevailing situation of Nepali journalism, financial conditions included. It is talked that some perversions too have entered into the domain of Nepali media. What is it eventuallyæ
Nepali media is moving ahead enjoying foreign blessing and is developing by being in the grip of media mafia. It is like what could be taken as 'pamphlet journalism'. Indeed the people have become aware yet environment is still not that much favorable for practicing independent journalism. The small newspapers are facing serious problems. There is the talk that next year some sort of Press Year is being celebrated. Let's hope that this Press year will clean the present day ugly trends seen in the media domain.
So you must have self satisfaction being in the media domain for several decades. It is also believed that nation's press and democracy rise and fall together. Do you subscribe to these viewsæ Or reject this notionæ
Though the media has been voicing concerns as regards the increasing violence and gender discrimination yet unfortunately there is the discrimination inside the media sector itself. Yet one should have satisfaction over whatever is with the media and should contribute for the well being of the Nepali society.
In the absence of nationalism, media and democracy while going together, what is being observed in the process is that the aspect of nationalism is being ignoredæ If nationalism is in a wakened state then where to keep the media and nation's democracyæ This is a burning question now confronting us all. For example, there is media in Sikkim, There is awareness in Sikkim with a democratic system remaining intact. But unfortunately, the independent Sikkim prior to what it was in 1975, doesn't exist at the moment.

# Smash And Grab

*By Sunanda Datta Ray*

The chief executive had not forgotten that Hariomal had resisted Das's relatively mild probings, granted bail to Yongda and Rasaily, and also stayed the order evicting Princess Coo Coo la from the forest department bungalow. He had further cause to feel thwarted five days after the police and CRP broke up the Sikkim Students' Association rally. Santosh Kumar Rai had si nt a confidential note to P.S. Subba, magistrate of east Sikkim, cr.nplaining that 17 members of the association (including Rasaily's younger brother, Tejendra) were creating "mischief" and were expected to commit arson. Subba capped this by announcing that he had private knowledge of earlier incidents in which some of the boys were allegedly involved, and at once ordered their arrest, rejecting bail applications and petitions to be bound over for good behavior. It was improper for a magistrate to act on the Congress general secretary's nebulous allegations against political opponents, without a shred of supporting evidence; his reliance on private information was as irregular. Hariomal also felt that Subba should have considered how badly the students had been beaten up by the police and that many of them were still lying in hospital. The case was transferred to the Gangtok district court where an appeal was upheld, neither Rai nor the administration making any attempt to prove their charges.

Lal suffered another setback when S.K. Prasad, chief judge of the high court, also an Indian on secondment like Hariomal, allowed the first ever habeas corpus writ since the court had been created in 1955, to release six young men who had been jailed on 6 December in connection with the explosives said to have been buried to blow up Kazi. When the case came up for hearing, Prasad roundly admonished the administration for abusing power. The general law gave the government of a small and peaceful country ample authority, he said, to prevent crime and uphold public order without invoking the extraordinary security regulations under which the six youths had been imprisoned.

It had become clear that the judiciary would never acquiesce in lawless rule. Lal, therefore, set out to take it over. Hariomal was. asked on 21 January why judicial files should not be sent to the chief executive who was head of the department. The judge replied that the practice was to send all papers to the Chogyal as head of state; any other course would impede the course of justice since the chief executive was head of the administration and he too had to submit all important matters to the ruler. Not only did the 1974 Act guarantee an independent judiciary, but the assembly over which Lal presided could not discuss or ask questions about matters before the courts or the appointment and emoluments of law officers:

Clearly and neatly, therefore, the judicial set-up was contemplated to continue as already in existence, unless altered or amended by the head of state himself.

Designated as the chief executive was, he could not have under the Act any control, much less overriding powers, over the judiciary. But however unfortunate it may have been, the judiciary too appeared to have been destined to receive rude shocks and come under great strain. . . ."
The Chogyal had never interfered with his department. Nor had he placed any strains on the judiciary. Hariomal, therefore, refused to heed warnings of reprisals. "Well, I with all humility having remained firm in my opinion and conviction that in no civilized country should the judiciary be allowed to be under the executive, stoutly opposed the suggestion as the same would have been disastrous and detrimental to any civilized society."
But the judge's understanding of civilized norms was not shared by Lal who wrote to the Chogyal on 4 March to claim that "the chief executive is the head of the administration in Sikkim-and that covers all departments and organizations under the government without any exception". Arguing that the Act "nowhere lays down that the judicial department will function directly under the Chogyal", he complained of "the irregular practice followed" by Hariomal and demanded that "all files of the judicial department, as all other departments of the government, in which higher orders are needed, have to be submitted to the chief executive". In his 14-page note to the Janata home and law ministers, two years later, on 15 April 1977, Hariomal described what followed as "the complete collapse of the administration of justice, in a way most humiliating and distressing".
The Chogyal explained to Gurbachan Singh on 9 March 1975 why the judiciary and executive should remain separate in Sikkim as in India. He then replied to Lai 18 days later with a four-page letter invoking the tripartite agreement and the 1974 Act, both of which guaranteed independent judges and judicial functions. These necessary safeguards would be destroyed if an official who headed the administration as well as presided over the legislature were also to control the courts. The Act's clear enunciation of the chief executive's powers, which left nothing to implication or imagination, did not directly or indirectly include judicial supervision. "I am irrevocably committed to a full responsible government for my people, and it would be my sacred duty to ensure that the judiciary remains truly independent. I am not averse to any essential changes in order to strengthen, but not to reduce, the independence of the judiciary."
Lal did not answer, but apparently referred the Chogyal's resistance to New Delhi. Though the PO forwarded his complaint on 28 March, the palace was not told of it until three days later. contd...

# घरेलु उद्योग कता हरायो, हरायो ?



डा. शास्त्रदत्त पन्त

घरेलु उद्योगमा पनि भारतीय वस्तुको अवैध आयातले नेपालका सबैजसो उद्योग बन्द भएका छन् वा रूग्ण भएका छन् । कम गुणस्तरका भारतीय वस्तुले गुणस्तर भएका नेपाली वस्तुलाई धपाउन गाह्रो पर्दैन । कुटान पिसान मिलहरू, अगरबत्ती कारखानाहरू, मर-मसला उद्योगहरू, प्याकिङ उद्योगहरू यसमा पर्दछन् । ने.उ.वा. संघका अनुसार वार्षिक १० अर्ब रूपैयाँभन्दा बढीका भारतीय सामान अवैध रूपमा नेपाल पस्दछन् । यसले गर्दा ठूला उद्योग पनि प्रतिस्पर्धा गर्न नसक्ने भएका छन् । अन्नपूर्ण टेक्स्टाइल लगायतको १२०० टेक्स्टाइल, अण्डा, कुखुरा, कपडा उद्योग, सिमेन्ट, स्टीलका भाँडा, नरिवल, धनियाँ, धान, खुर्सानी, चिया जस्ता कृषिजन्य उद्योग पनि अवैध पैठारीका कारण बन्द हुँदै गएका छन् ।

नेपालका गुणस्तर कम भएका घरेलु तालिमले गर्दा दक्षता कम छ । सर्वसाधारणमा तालिमप्रति रूचि छैन । उदार अर्थनीति भनेर सरकार अकर्मण्य छ जबकि शीप र प्रतिस्पर्धी क्षमता भएका नागरिक जनशक्ति उत्पादन गर्नं राज्यको अनिवार्य दायित्व हो । भारतको प्रभावको कारण राज्यले केही पनि गर्दैन । फलत: रूग्ण उद्योगलाई भारतीयले चलाउने गर्दछन् ।

आत्मनिर्भर हुन नदिने गेमप्लान

नेपालले सन् २००० सम्म सबै क्षेत्रमा आत्मनिर्भर हुने योजना बनाएर आधारभूत निर्धारण गरिएका १२८ बस्तु मध्ये सन् १९९० मै ९० वटा बस्तुमा आत्मनिर्भर भैसकेको थियो । विकासका लागि शान्ति अपरिहार्य ठानी प्रस्तावित शान्ति क्षेत्रलाई दलाल दल मार्फत् १९९० मा नै 'रअ'को विश्लेषण र साउथ ब्लकको कार्यान्वयन अनुसार तुहाइयो । आत्मनिर्भर भैसकेका बस्तु पनि धमाधम तुहाउँदै परनिर्भर भए । ती मध्ये केही हुन् नमुनाको उल्लेख गरौं । जुटमा आत्मनिर्भर भएर निर्यातमा अग्रसर भएको अवस्थामा छलछामबाट भत्काइयो । कमसेकम प्लास्टिकका झोला विस्थापन गर्न पनि जोगाइएन । कपासमा आत्मनिर्भर हुनै लागेको बेलामा धागो र कपडा कारखाना सहित ती सबै भत्काइयो । चियामा आत्मनिर्भर हुने बेलामा हरियो पत्ति खरिदमा नेपालमा रू.२०।- नै रहेका बखत इण्डियाबाट रू.२९।- मा खरिद गरी कारखाना र चिया उद्योग भत्काइएको छ । पाकिस्तान निर्यात गर्न भारतले बाटा दिएन । शिक्षामा आत्मनिर्भर भैसकेको अवस्थालाई दल र दलका विद्यार्थी, भातृ संगठनद्वारा भत्काएर भारत निर्भर गराउन नेपालमा तालाबन्दी, चन्दा र असम्भव माग राखेर बन्द गराइदैछ । यदि माग जायज भए त आन्दोलन गुणस्तर नभएका सरकारी विद्यालयको विरूद्ध लक्षित हुनुपर्ने थियो । त्यो पनि टेबुलमा बसेर छलफलबाटै हुन सक्दछ ।

संसदवादी भनिने पञ्च दलले धर्म निरपेक्षताको माग राखेर नेपालको धार्मिक सौहार्दता भत्काएर सामाजिक विचलन गराउन खोजियो । पञ्च दलको सडक आन्दोलन यथार्थमा कुनै जायज कारण वा जायज माग लिएर भएको छैन । त्यो आन्दोलन राजनैतिक विचलन ल्याउन 'आन्दोलनका लागि आन्दोलन' भएको छ । यो आन्दोलन बालहठका रूपमा छ । चन्द्रमा टिपेर ल्याई मेरो हातमा राखे मात्र भात खान्छु नत्र खाँदिन भन्ने बालकको माग जस्तै छ । यो निर्देशनमा गरिएको भन्ने स्वत: सावित हुन्छ ।

सिनेमाकर्मीहरूले अकारण गरेको बन्द हिन्दी फिल्मलाई भि□याउनलाई होइन भन्ने ठाउँ छैन । पश्चिमाञ्चलबाट थालिएको साना गाडीले सडकमा ३० कि.मि. भन्दा दूरीमा यात्री ओसार्न नपाउने नाजायज माग सहितको नेपाल बन्द पनि सुनियोजित थियो । जबकि नेपालभित्र ७२ घंटासम्म स्वतन्त्र रूपमा भारतीय गाडी चलाउन पाउने नाजायत कामको विरूद्ध उत्रन पर्ने कुरामा यातायात व्यवसायी निस्कृय रहेका छन् ।

सारांशमा भन्नुपर्दा भारतीय हित भनेको नेपालको अहित गर्नु नै हो भन्ने मानसिकता भारतीय राजनेतासँग भन्दा त्यहाँका अधिकारीहरूसँग अत्यन्त चर्को रूपमा विद्यमान छ । नेपालस्थित भारतीय राजदूत कर्मचारीबाट राजदूत हुँदाको अवस्थामा जहिले पनि दुई देशबीचको हार्दिकता खलबलिने गरेबाट पनि यो कुराको पुष्टि हुन्छ । अन्यथा तात्कालीन प्रम इन्दरकुमार गुजरालले छिमेकीसँगको सम्बन्धलाई हार्दिक बनाउने विश्वास र सद्भावको मजबूत कुटनीतिको निर्माण गर्ने प्रयत्न सफल हुने थियो । "मैत्रिता लेनदेनमा हिसाव गर्न हुँदैन" भन्ने उनको धारणाले सकारात्मक प्रभाव पार्न सक्ने थियो । त्यसो हुन सकेको भए त्यो दक्षिण एशियाकै शान्ति र विकासको कोशेढुँगो हुने थियो । श्री ५ वीरेन्द्रको शान्तिक्षेत्रको प्रस्तावले लक्ष्य गरेअनुरूप काम गर्न सक्ने थियो । त्यसो त राजीव गान्धी पनि राजनैतिक रूपमा अमैत्री थिएनन् । त्यहाँको नोकरशाहीले मात्र त्यस्तो देखाइदिएको थियो । नेपालको नोकरशाही र विद्वत् समूह दलको गोटी हुनु र दल र दलका नेताहरू भारतीय दलका गोटी हुनुले यो दारूण्य अवस्था सिर्जना भएको हो । नेपालको आफ्नो दीगो राष्ट्रिय मूल नीति र सबैको त्यसमा प्रतिबद्धता हुने हो भने यी सबै समस्याको निराकरण अझै सम्भव छ । ०००

यातायात र पारवहन समस्या

नेपालको आर्थिक उन्नति हुन नसक्नुमा एउटा प्रमुख र ठूलो अवरोध यातायात व्यवस्था हो । समुद्रतटसम्म पुग्ने बाटो नहुनुलाई भूगोलले ठगेको मान्नुपर्दछ, त्यतिमात्र नेपालको प्राकृतिक अभाव हो । त्यो पनि अंग्रेजको छलछाम र भारतको बलमिचाइको कारण भएको हो । सन १९५० को सन्धिले १८१६को सन्धिलाई खारेजगरेपछि सोभूभाग नेपालले फिर्ता पाउनुपर्ने हो (यसबारे छुट्टै चर्चा गरिएको छ) । सो नपाए पछि यो समस्या चर्किएको हो । यसले आयात निर्यातमा महंगो पारेको छ, विश्व ब्यापारसंग प्रतिस्पर्धा गर्न नसक्ने बनाएको छ ।

उद्योग र ब्यापारमा यातायातको ठूलो महत्व रहन्छ । स्थल र हवाई यातायातमा पनि भारत नेपालसंग समानताको आधारमा (रेसिप्रोकल) यातायात सेवा चलाउन चाहँदैन । हवाई यातायातमा विस्तार र विकास गर्न पनि भारत उदार छैन । हवाई यातायातमा पनि नेपाललाई प्रतिसाता ६ हजार सीट भन्दा बढी उपयोग गर्न नपाउने गरेको छ । नेपालको भगिरथ प्रयत्न पछि वि.सं. भाद्र २०६६ देखि त्यो संख्या २४ हजार र १८ वटा भारतीय शहरमा मात्र उडान गर्न पाउने भए पनि असीमित गर्न भारत तैयार भएको छैन । आश्चर्य लाग्दो कुरा के छ भने भारतले भने सार्क मुलुकमै असीमित सीट उपभोग गरिरहेको छ । यो समानताको आधारमा हुनुपर्दछ । सीमित असीमित दुवैमा बराबर हुनु पर्दछ । त्यो नभए नेपाल सहमत हुनु हुदैन पनि । १२५ करोड जनसंख्या भएको भारतले ३ करोड जनसंख्या भएको नेपाललाई समान र असीमित गर्न किन डराउनु पर्ने हो, यो भन्दैन तर मान्दैन । भारतको अन्तरनिहित स्वार्थ के देखिन्छ भने नेपालको पर्यटन उद्योग न मौलाओस्, त्यसमा भारतीय नागरिकको व्यापार अग्रणीहोस् भन्ने मात्र पाइन्छ । जति मौलाउन सक्छ त्यस्मा भारतको हवाई सेवाले पावस् र भारतीय नागरिकले मात्र ट्राभल एजन्सी संचालन गर्न पाउन् भन्ने निच स्वार्थ मात्र देखिन्छ ।

नेपालको भगीरथ प्रयत्नपछि मुश्किलले वि.सं.२०६७देखि असीमित कार्गो उडानगर्ने सम्झौता भएको छ, कार्यान्वयन प्रभावकारी छैन । नेपालले केवल वि.३४५ हवाई रूट प्रयोग गरेको छ । नेपालले एल. ६२६ रूट (काठमाण्डौ-पोखरा-महेन्द्रनगर-नयाँदिल्ली-युरोप) मागेको धेरै भयो तर भारतले दिएको छैन[ढघ] । यस्तो अमैत्री र दुष्टताको शिकार भएको नेपालले उद्योग-ब्यापार बढाउन नसकेको हो । नेपालको सबै खाले यातायात शिथिल भएर कहिल्यै माथि उठ्न नसक्ने भएको छ ।

नेपालले अन्तरराष्ट्रिय कानुन बाहिरको कुरा मागेको छैन । निगाह र दयाको भीख पनि खोजेको छैन । एउटा सार्वभौम मुलुकले अर्को सार्वभौम मुलुकसंग हुनुपर्ने समानताको हक खोजेको छ । नेपाल रेल, नदी जलमार्ग, बंगलादेश जोड्ने १३ किमि टनेल मार्ग, शून्य भन्सार दर, समान यातायात साधन आवत जावत नेपालको चाहना हो । यत्तिभए नेपाल सन्तुष्ट हुन्छ । नेपालको उद्योग र ब्यापार दुबै पन्पन्छन् । यसका निमित्त छरछिमेकी नै व्यावहारिक र मैत्रीवत हुन जरूरी छ ।

# ठूलाठालुद्वारा महिला हिंसा



देवी काफ्ले

खुट्टाभरी धानको खुट्टीले दरफर्याएको घाउ रगतका धारासंगै मुना नाकमा सिंगानको लुर्को, आँखामा बलिन्द्रधारा आँसु लिएर घुंक्कघुंक्क रूँदै बान्नो नाघेर आँगनमा आएर पछारिइ । मुनाकी आमा धान ठटाउन गकी छन् अर्काको मेलामा । मंसिरको आखिरी पुष लाउँदा खरइको धान झांटेर, दाईं लाइवरी टौवा लाउन पर्छ सबैको । मुनाको बा गाउँका नेताजीकहाँ टौवा हाल्न गएका छन् । मुना आँगनमा बेहोस छे । रगताम्मे छे । इन्तु न चिन्तु भएर लडिरहेकी छे । बाआमालाई चिच्याएर बोलाउन सकेकी छैन ।

गाउँका नेताजीको त्यो खोलाटोलामा निकै रवाफ छ । माथिल्लो तहका नेता तथा छ/छ महिनामा फेरिएका मन्त्रीहरूसँग पनि राम्रै पहुँच छ । कसैका ठेक्कपट्टा मिलाइदिने, कसैलाई जागिर लाइदिने, कसैलाई अपराध माफ गराइदिने जस्ता काममा निकै दवदवा छ उनको । बाउको शक्तिको प्रभाव उनका छोराहरू धर्मविर र कर्मविर दुवैमा छ । उनीहरूको सामुन्ने बोल्ने कसको दुस्साहस ?

गाउँमा कसैले उनीहरूको बिरूद्ध बोल्ने दुस्साहस गर्दैनन् । एक किसिमले रणविर नेता प्रजापालक पनि हुन् । उनको निगाहले धेरैको चुल्हो जल्छ । त्यसैले पनि होला उनको परिवारबाट भए गरेका अत्याचारको बिरोधमा सबैको मुखमा ताला लाग्ने गरेको । हुने खानेको विरोधमा बिद्रोह गर्ने कसको आँट हुन्छ र ?

परालको दाईंमा गोरू खेद्न र लडीबुडी खेल्न खुब मजा मान्ने केटाकेटीहरू । दाईंमा चामलको भात, मासको दाल, दुनामा कनिका परेको घिउ,चिनी खान पाइन्छ भनेर केटाकेटी रमाउँदै गोरू खेद्न जान्छन् । त्यही घिउ र भातको आशाले मुना पनि रणविर साहुको दाईंमा गोरू खेद्दै थिई । मुनालाई कर्मविरले खरईको छेल पारेर बोलायो । उ गई । एकैछिनमा मुना रूँदै घर पुगी ।

मुनाको बा धने टौवा हाल्दै थियो । तल भक्तेकी स्वास्नीले मुनालाई देखिछ । बेसरी चिच्याई । धनेले सुनेछ । दगुरेर आयो।रूँदै छोरीलाई उठायो । मुनाकी आमा पनि हस्यांगफस्यांग गर्दै पटुकाको फुर्को कम्मरमा घुसार्दै आइपुगी । दुवैजनाले मुनालाई काखमा राखेर अलापीरहेका थिए । भक्ते, जुठे, मानेका परिवारहरू जम्मा भए । के के सल्लाह गरे । भोलीपल्ट सबै चुपचाप भए । उसो त कर्मविरको पिपासु आंखाले कसका छोरी र बुहारीलाई गिद्दे दृष्टि लाएको थिएन र ? गाउँभरीका महिला आजित थिए । कर्मविर हिंडेको बाटो हेर्न पनि चाँहदैनथे ।

माघको दोस्रो सातातिर स्थानिय निकायको चुनाव थियो । गाउँ चुनावी माहोलमा रंगमन्च जस्तै भयो।रणविरले अध्यक्षमा उमेदवारी दिएका थिए । चुनाव प्रचारप्रसारको लागि केन्द्रबाट ठूला नेताहरू आए।बाटोघाटो, चौतारी, घरका धुरीहरू पार्टीका झण्डाले सजाइए।बेलुका भएपछी रणविर पक्षका कार्यकर्ता घरघर चाहार्न थाले । कसैलाई गासबासको लोभ देखाए कसैलाई धम्की दिए । बिपक्षीका कार्यकर्तालाई बाटोघाटोमै सोर्त्यान पारे । ठूलोबारीको गह्रामा मासुभात र रक्सीको भोज लगाए । कसैलाई धोती बाँडे, कसैलाई पाकेटखर्च भन्दै केही दाम पनि गोजीमा घुसाए।जीतको लागि सामदाम दण्डभेद सबै अपनाए ।

आज आमसभा तल बगरमा । रणविर, उनका सारथी छोराहरू कार्यकर्ताहरूको बाक्लो उपस्थिती भयो । केन्द्रबाट आएका नेताले बोल्ने पालो आयो । उनले मुट्ठी बटार्दै उफ्रीउफ्री भाषण दिन थाले । हाम्रो जनप्रेमी नेतालाई जीताउनुस बिकासको मूल फूटाउनुस् भनेर नारा लाए । बिजुलीबत्तीको मुख नदेखेका, घन्टौं लाएर पँधेराबाट पानी बोकेका, खरतो चुहिने छानोभित्र कैयन बर्ष झरीबर्खासँगै जुधेका निरीह जनताले पत्याए । रणविरको पालो आयो । देखाउनुपर्ने जति र पत्याईनसक्नुका आश्वासन बाँडे अनि भने मैले जीतें भने महिलाको सुरक्षाको ग्यारेन्टी लिन्छु । यौनशोषण र बलात्कारमा परेका बालिकाहरूलाई न्याय दिन्छु । कसैले पनि अन्यायमा पर्नुपर्ने छैन । नारीजातिको सम्मानमा कुनै कमी हुनेछैन ।

आमसभा सकिनै आँटेको थियो । धनेको घरमा कोलाहल मच्चियो । केहीबेरमै खबर आगोझैं फैलियो । मुनाले दलिनमा आमाको पटुकाको पासो लगाइछ । ठूलाठालुले पुलिस बोलाउने झमेला नगर्न सुझाए । भोलीपल्ट स्कूलमा मतदान केन्द्र चहलपहल थियो । त्यहीबाटो मुनाको लाश एकोहोरो शंख बजाउँदै झारे ।




# राजधानीवासीले नदी सभ्यता मारे

१२ अर्ब भन्दा बढी राजस्व र लाखौंले फोहर सफाइमा सहयोग गरे पनि बागमती सफा हुनसकेन । बागमती ढलमतीबाट नदी बन्न सकेन । यो अवस्थाले राजधानीवासी असभ्य प्रमाणित भएका छन् । बागमती, विष्णुमती, धोबिखोलालगायतका प्रत्येक खोलानालामा पानी होइन, फोहर बग्छ । राजधानीवासीले नदीसभ्यता मारेर नदीलाई ढल बनाइदिए । ढल बनाउनेहरू आफूलाई सभ्य ठान्छन्, आधुनिक हुँ भन्छन् । जो आफ्ना वरिपरिका नदीलाई ढल बनाउँछन्, सभ्य प्राणी हुन सकेनन् ।

बागमती सभ्यता बचाउन सरकारले योजना लागू गरेको छ । महानगर, नगर र सफाइ अभियान चलाएको पनि ६ सयभन्दा बढी हप्ता भइसक्यो । हरेक हप्ता फोहर निकालिन्छ, भोलिपल्टदेखि उस्तै फोहर बन्छ नदी । फोहर फाल्नुहुन्न, नदीमा ढल मिसाउनु हुन्न, नदीलाई जिवन्त राख्नुपर्छ भन्ने चेत कहिले पनि आएन । जो राजधानीमा घुम्न, कमाउन र कामविशेषले आउँछन् उनीहरू पनि नदीमै फोहर फाल्छन् । नदीमा फोहर फाल्नुहुन्न भन्ने चेत मानसिमा छँदैछैन । नदी सभ्यता मर्नु भनेको मानिसको मृत्यु जीवन हो । नदी जिन्त नहुँदा मानिसमा पनि जिवन्तता हुन्न भन्ने शिक्षा कोही दिदैनन् । नैतिकशिक्षाको अभाव खड्किएको छ । विवेकीहरू किन बोल्दैनन् ?



# शिक्षाविद कायस्थको सालिक



शिक्षविद डा.राधेश्याम कायस्थको शालिक स्थापना गरिएको छ । पृथ्वीनारायण क्याम्पसका पूर्व सहायक क्याम्पस प्रमुख तथा न्यू ग्यालेक्सी माविका संस्थापक कायस्थको पोखरास्थित स्कूल परिसरमा शालिक अनावरण गरिएको हो । यो शालिक संस्थापक शिक्षाविद जर्ज जोनले अनावरण गरेका हुन् । कायस्थको २०७७ पुस २७ मा स्वर्गारोहण भएको थियो । यो शालिक १० लाखको लागतमा तैयार पारिएको हो । शिक्षाविद जर्ज जोनका अनुसार उनले कायस्थसँग ६४ वर्ष काम गरेका थिए । कार्यक्रममा उपस्थित सबै शिक्षाप्रेमीहरूले कायस्थलाई स्मरण गरेका थिए । भक्तपुरबाट यही कार्यक्रमका लागि पोखरा पुगेका शिक्षाविद प्रा.डा. उत्तमकृष्ण कर्माचार्यले शिक्षाविद राधेश्यम कायस्थको योगदानको स्मरणमात्र गरेनन्, उनको योगदान विश्वभर फैलाउनु पर्ने बताए ।

राष्ट्र र राष्ट्रियताको साझा पत्रिका
गोरखा एक्सप्रेस साप्ताहिक
(साविक म.क्षे.हु.नि.) गो.हु.द.नं. ५/०६७-६८ हाल ५/०८१-८२
का.जि.का.द.नं. २५-०३९/४०   भ्याट नम्बर- ३ ० ४ ५ ६ २ ४ ४ ४
मंगलबार Tuesday
२०८१ माघ १, Jan, 14, 2025





अन्तिम पातो - शाश्वत शर्मा

## केको भूराजनीति, केको छिमेकी स्वार्थ ?

केही दलनिकट सञ्जालले पूर्वराजा ज्ञानेन्द्रको लखनउ भ्रमणबाट निराश हुनुपरेको, आरएसएसका अध्यष मोहन भागवतको कुराले चोट परेको र निराश भएर फर्कनुपरेको प्रचार गरेका छन् । राजतन्त्र पुर्नस्थपाना गर्ने विषय अब विषयमा मात्र सिमित हुनपुगेको कथाहरू संप्रेषण गरिरहेका छन् । जब निराशा र हताशा बढ्दै जान्छन्, तब यस्ता कुराहरूबाट दल र तिनका कार्यकर्ताहरूले आत्मरती गर्छन् । सबैलाई थाहा छ, भारतीय मनसुवा नेपालबाट राजसंस्था भारतले नै बिस्थापन गरेको थियो, यो भारतीय कार्यक्रम नेहरूको पालादेखि चलेको षडयन्त्र थियो । मनमोहनको पालोमा आएर लागू भयो । जहाँसम्म राजा, योगी र मोहन भागवतवीचको कुरा छ, त्यसको स्वतन्त्र पुष्टि अहिलेसम्म भएको छैन । नेपाललाई हिन्दुराष्ट्र बनाऔं, कालान्तरमा अखण्ड भारत बनाउने कुरा भयो वा भएन ? राजाले दिएको जवाफको पनि पुष्टि भएको छैन । यद्यपि मानौं, कुरा नै भएछ रे, यसमा अनौठो के भयो र ? भारतको उत्तरी सीमा हिमालय हो भनेर भारतीय सैनिक विज्ञले पुस्तकै लेखेका छन् । उनीहरू लेख्छन्, हाम्रा नेताहरू भारतीय नेताहरूका सामु लम्पसार पर्छन् ।

सही कुरो के हो भने पूर्वराजाले कहिले पनि भारतको बलमा राजा हुन चाहेकै छैनन् । म यहीँ छु, जनताले खोजेका बेलामा उपलब्ध छु भन्ने राजाले जनताले नै चाहे राजतन्त्र पुनर्स्थापना हुनसक्ने पटक पटक बताइसकेका छन् । किन बुझ्दैनन् दलपतिहरू, राजाले चाहेको भए अन्तरिम संविधान जारी नै हुनेथिएन । त्यसपछि केको संविधान सभा, केको नयाँ संविधान ? आज पनि पूर्वराजा राजनीतिक सहकार्यमा देशलाई अघि बढाउने कुरा गरिरहेकै छन् । नेताहरू पूर्वाग्रही भएपछि के लाग्छ ?

मनमोहन सिंहले समेत नेपालको परराष्ट्र, रक्षा र प्राकृतिक स्रोत भारतको हिल्ला लगाइदिएका भए, यतिबेला राजा भुटाननरेशजसरी बसेका हुनेथिए । राजा जनताका सामु झुके, राष्ट्रघातमा स्वीकृति दिएनन् । यथार्थ यही हो र यही नै हो ।

पूर्वराजाको लखनउ भ्रमणबारे नकारात्मक समाचार आफू पानीमाथिको ओभानो बन्नका लागि गरिएको विषयान्तरको विषय मात्र हो । यस्ता हल्लाले यो पद्धति र यसका नेताहरूप्रतिको बढ्दो आक्रोस मत्थर हुनेवाला छैन । निराशा बढाउन यी दलपतिहरू सक्षम हुनेछैनन् । राष्ट्रभक्त नेपालीहरू यस्ता प्रचारमा अलमलिने छैनन् ।

नेपालमा हिन्दुराष्ट्र र राजतन्त्रको पुनर्स्थापना कुनै विदेशीका भरमा होइन, नेपाली जनताको इच्छाबाट हुनेछ । जनताले नेता भनाउँदा भ्रष्ट कुडाकरकटलाई नालीमा फ्याँकिदिनेछन् । अहिले भूराजनीतिको कुरा गरिन्छ, यसको बढी चर्चा आवश्यक छैन । जब अस्तित्व नै संकटमा छ भने नेपालीले सन्ततीको भविष्य सुरक्षित पार्नका लागि आन्दोलनमा उत्रने छन्, भ्रष्टाचारीविरूद्ध बिद्रोह गर्नेछन् । भूराजनीतिले भन्दा पनि यिनै भ्रष्ट, अनैतिकहरूका कारण संकटमा परेको अस्तित्व रक्षाका लागि जनता उठ्नेछन् । अब जनता कागजी र देखावटी आन्दोलनमा अल्झिने छैनन् । भूराजनीति, छिमेकी स्वार्थ, राजनीतिक हलचलका कुरा उठाएर जनतालाई अलमल्याउन सकिने छैन । यस्ता प्रयास असफल जनताले नै पार्नेछन् । अबको आन्दोलन कसैको प्रभावमा होइन, आफ्नै लागि गर्ने हो, जनताले आन्दोलनको लागि कम्मर कसिसकेका छन् । अभिभावक चाहिने रहेछ भन्ने बुझेर नै जनताले राजसंस्था चाहेका हुन् । अबको परिवर्तनले वरिपरि बस्नेको रजगज हुनेछैन, अराजक र अस्थिर तत्वहरूले मौका पाउनेछैनन्, आसेपासेको चुरीफुरी पनि बढ्ने छैन । आफू, सन्तती र मुलुकको अस्तित्व रक्षा होस्, विधिको शासन चलोस् भन्ने जनचाहना रहेको छ ।

सकिन्छ, परिवर्तन चाहनेहरूले एकता गर्नुपर्छ र एकत्रित भएर आन्दोलनमा जुट्नुपर्छ । सकिन्न असंगठित भए पनि विद्रोहमा सबै निस्कनुपर्छ । असंगठित भएकाले नै परिवर्तनको १८ वर्ष खेर गएको, लुटेराले देश र जनतालाई लुटेको र अस्तित्व नै संकटमा पारेको स्पष्ट भइसकेको छ । कति मर्ने, नेपालीहरू पल पल मरिरहेका छन् । अन्यायका कारण असन्तोष्पा बढेर गएको छ । आन्तरिक राजनीति अराजक छ, राष्ट्रिय राजनीति अस्थिर छ, यहीकारणले सीमा खुम्चिएको छ । संसद छ, संविधान छ, देखावटी सजावटका विषयमात्र भएका छन् । खुम्चिदो नेपालीत्वको जगेर्नाका लागि समेत जनविद्रोह अत्यावश्यक भइसकेको छ । असान्दर्भिक कुरा उठाएर नेपाली एकता भाँड्न नखोजे पनि हुन्छ । जनताले सकसबाट निकास खोजेका छन् । निकास पहिल्याउनका लागि विद्रोहको बिकल्प छैन । प्राथमिकता राष्ट्रियताको छ, प्राथमिकता जनअपेक्षाको छ । यसका लागि विद्रोह त हुनैपर्ने देखियो ।

## राजनीतिक नायक जो अग्निपरीक्षामा असफल भए



राजनीतिका १६ नायक जो अग्निपरीक्षामा असफल भए । अब यिनले राजनीतिबाट सन्यास लिनु राम्रो हुनेछ । यिनले सन्ततीका लागि नयाँ राजमार्ग निर्माण गर्न सकेनन् । जो आफै चरित्रहीन भएर बदनाम छन्, तिनले सन्ततीका लागि के दिनसक्लान् र ? पटक पटक मौका पाए, मौकालाई मनलागी गर्ने अवसर ठाने ।

यहीकारण राजनीतिका १६ नायकहरू असफल भएका हुन् ।

नेपालको राजनीति इतिहास र वर्तमानको चौबाटोमा छ । प्रभावशाली मानिएका परिवर्तनकारी, समाजवादी, सर्वहारावादी १६ प्रभावशाली नेताहरू राजनीतिमा त छन् तर मृत राजनीतिमा छन् । जनताको विश्वास गुमेको राजनीतिलाई जिवन्त राजनीति भन्न मान्न सकिन्न ।

आन्दोलन र जनयुद्धताका यिनीहरूको जुन प्रभाव थियो, यिनीहरूप्रति जनताका जुन विश्वास थियो, त्यो प्रभाव र विश्वास धरासायी भइसक्यो, धुलिसात भइसक्यो । तथापि यिनीहरू सत्ताका सफल व्यापारीका रूपमा स्थापित नै छन् । प्रचण्ड, केपी ओली ३ पटक प्रधानमन्त्री बने, देउवा ५ पटक । माधव, झलनाथ, बाबुराम पनि प्रधानमन्त्री बने । यिनले देश र जनतालाई के दिए ? अब पनि राजनीतिमा छन्, यिनले दिन के खोजेको हो ? जनताले भेउ पाउन सकेका छैनन् । शोलामाथि नचढुन्जेल सत्ता, शक्ति र सम्पत्ति चाहिने पनि राजनीति हुन्छ र ? राजनीतिले त समाज बदल्नुपर्ने हो, नयाँ नयाँ सम्भावना देखाउनु पर्ने हो । यी यस्ता नेता हुन्, जो युवा बेचेर अर्थतन्त्र बलियो भयो भन्छन् । राजस्व लुटेर लोकतन्त्र छ भन्छन् । लोकले सहेकै छन्, लोकको सहनशीलताको यिनले भरपूर लाभ लिइरहेका छन् । श्राद्ध गर्नुपर्ने पिण्डे बुढाहरू शासनमा आसन जमाएर बसिरहनुले देशको दुर्गति भइरहेको छ । यिनीहरूको हातमा राजनीति भएसम्म लोकतन्त्र बदनाम भइरहनेछ ।

*जीपी, सुशील मरेर गए, मरेर पनि तिनको नाम सुनाम बन्नसकेन । प्रचण्ड, माधव नेपाल, झलनाथ खनाल, बाबुराम भट्टराई, केपी ओली , रामवरण यादव, शेरबहादुर देउपा, विजय गच्छदार, उपेन्द्र यादव, राजेन्द्र महतो, महन्थ ठाकुर, विद्या भण्डारी, रामचन्द्र पौडेल, पशुपति शमशेर, लोकेन्द्रबहादुर चन्द, सीपी मैनाली, कमल थापा कसैको पनि सुनाम सुनिन्न । राजनीतिमा जो जाज्वल्यमान छन्, ती सबै बदनाम छन् । बदनाम चरित्रले देशको नाम उठाउन सक्दैन, जनतालाई राहत र सहज जीवन दिन सक्दैन । जो स्थापित नेता छन्, ती सबै* नेपालको भाग्य र भविष्यमाथि खेलबाड गरिरहेका छन् ।

परिवर्तनको रथ हाँकेका हुनाले लोकले यिनलाई जननायक भने, यिनको क्रियाकलापले यिनीहरू खलनायक बने । लोकतन्त्रका नायकमा हुनुपर्ने एउटा गुण पनि अब यिनमा बाँकी छैन । यिनीहरू आफूलाई देशभक्त भन्छन् । देशमा आगो लगाएर खरानीको समेत व्यापार गर्ने नेता हुन् यिनीहरू । देशको परिभाषा, राष्ट्रियनीति र राष्ट्रनिर्माताप्रति सम्मानसम्म छैन यिनमा । कर्मकाण्डका लागि बल्ल पृथ्वीनारायण शाहका शालिक सामु सलाम गर्न पुग्न थालेका छन् । यिनीहरू सबै विदेशी वीरलाई आफ्नो आदर्श ठान्छन् । आफ्ना वीर पुर्षाको अनादर गर्नेहरू कतिसम्म अवसरवादी होलान् ? यिनको राष्ट्रिय आदर्श को हो ? यिनलाई नै थाहा छैन । आफ्नो माटोमा उभिएर आफ्ना वीर पुर्षालाई पो आदर्श मान्नुपर्ने होइन र ? यिनीहरू कसरी स्वाधीनता र देशप्रेमी ?

पुर्षाको रगत पसिनाले निर्माण गरेको देश हो नेपाल । यहीकराण यिनले कहिल्यै विदेशीको गुलामी सहनु परेन । जसले यिनलाई स्वराज दियो, तीप्रति नतमस्तक हुनसकेनन् यिनीहरू । देशको एकता भाँडेर एकता दिवसको नाटक गर्न थालेका छन् यिनीहरू आजकल । राजतन्त्र फाल्ने भाते पाठशालामा पढेका व्यक्ति राष्ट्रपति बन्न सफल भए, ती पनि शालिकमा सलाम गर्न पुगेको देखियो । आज देशभित्र जुन पहाडीया र मधेसे, जसरी जातजातिवीच बिभाजन ल्याउने काम भएको छ, यो उच्छृङ्खलता रोक्न पनि एकता दिवसको आवश्यकता छ । पटक पटक यिनै नेताहरूले उचाल्ने पछार्ने गरेर जनतालाई भ्रमित पारेकै हुन् । अझै यिनको आत्मशुद्धि भएन ।

स्मरणरहोस्, जो इतिहासप्रति गर्व गर्न सक्दैन, उसको इतिहास पनि कलंकपूर्ण नै हुन्छ । त्यसो त २०६३ सालको परिवर्तनपछि यिनले गरेको भनेको एउटै काम भनेको भ्रष्टाचार र कूशासन हो । जुन किटाणुले निरन्तर महामारी बनेर देशको मुटु कलेजो कुटुकुटु खाइरहेछ । देश सिध्याइरहेछ ।

देश निर्माण गर्नेछन्, जनताको दु:ख र पीडामा संवोधन गर्छन्, यिनै हुन् हाम्रा भाग्य र भविष्य बनाउने कारिगर भनेर विश्वास गर्‍यौं, त्यो आत्मविश्वासमा घात गरे यिनले । देशमा अनेक समस्या छन्, ती समस्या र संकट समाधान गर्ने राजनीतिले नै हो । यिनीहरू संवाद, सहमतिका लागि भगिरथ प्रयत्न गरेका भ्रम छरिरहेका छन् । पूर्वराजाले सहमतिमा समस्या समाधान गर्न आह्वान गर्दा यिनले कुनै वास्ता गरेनन् । यिनले न निकास निकाले, न देशलाई विकास दिन सके । यिनको प्रतिवद्धता शान्ति र स्थिरता थियो, त्यो समेत स्थापित गर्न सकेनन् । यिनको प्राथमिकता सत्तामात्र देखियो । यिनीहरू अहिले पनि भ्रम छर्ने र स्वार्थपूर्ति गर्ने काम गरिरहेका छन् ।

जनतालाई गरीब बनाएर यी आफै नवकुवेर बने, जनता प्रत्येक दिन गरीव हुँदैछन्, जनता रोएर बाँचेका छन् ।

यिनलाई जनता भनेका चुनावमा मतदान गर्ने हतियारमात्र हुन् । जब चुनाव जित्छन्, यिनले जनतालाई पटक्कै सम्झदैनन् । चुनाव जितेपछि यिनको खेल भनेको सत्ता र शक्ति, अपराध र अपराधीको संरक्षण गरेर गर्ने मनलागीतन्त्र हो । यथार्थमा यी जनताका नेता कम, यिनको व्यवहारले यिनलाई जनविरोधी बढी प्रमाणित गरिरहेको छ । जनताप्रति गैरजिम्मेवार राजनीतिले गर्दा यिनीहरू सबै जनताका घृणापात्र बनिसकेका छन् । मात्र पार्टीपंक्तिलाई अघि सारेर जनताको समर्थन छ भन्ने देखाउन यिनीहरू सफल छन् । त्यही चटके सफलताका कारणले यी नेता पल्टेर देश र जनतामाथि कहर बर्साइरहेका छन् । जनताका सामु परिवर्तन ल्याएर बाँच्ने कि यिनै नेताको कहर सहेर मर्ने भन्ने विकल्पमात्र बाँकी छ ।

### स्पेन र थाइलेण्डको जस्तो नेपालमा इतिहास नदोहोरियोस्

विश्वका अनेकन देशमा रक्तपातपछि शान्ति र स्थिरताको अपेक्षा पूरा नभएपछि इतिहास दोहोरिएर शान्ति र स्थिरताको खोज गरिएका अनेकन उदाहरण छन्। बेलायतको मात्र होइन, स्पेन र थाइलेण्डमा समेत त्यसै भयो । इतिहास दोहोरिन नसकेका मुलुकहरू अहिले पनि रक्तपातको आँगो र आँधीमा अहिले पनि झुल्सिरहेकै देखिन्छन् । नेपालमा त्यस्तो नहोस् । परिवर्तन सहज भएको छ, परिवर्तनपछि शान्ति र स्थिरता असहज बन्दैछ ।

स्पेनका सडकमा गणतन्त्रको नारा लगाउने युवाजमातले सालीन राजतन्त्रको सातो लिन सफल भयो। अन्तत: सन १९३१ मा गणतन्त्रको नारा उराल्ने समूहबाट आजीत भएर, तिनको उच्छृङ्खलतालाई देख्न, भोग्न र सहन गर्न नसकेर, देश र दुनियाँको शान्तिका लागि भनेर स्पेनका राजा अलफोन्सोले देश त्यागेर हिंडे । स्पेनमा गणतन्त्र घोषणा भयो। गणतन्त्रवादीको जीत भयो । बहुमत स्पेनी जनताले हारे, स्पेनमा गणतन्त्रवादीले शान्ति र स्थिरता कायम गर्न सकेनन्। स्वार्थ र भ्रष्टाचारलिप्त परिवर्तनकारीका कारण स्पेनले दुर्गतिमात्र भोगेन, लामो गुहयुध्दको सामनासमेत गर्नुपर्‍यो। स्पेनमा राजतन्त्र र गणतन्त्रको व्दन्व्द, शान्ति र अशान्तिको व्दन्व्द, बिधि र मनपरीको व्दन्व्द चर्कदै गयो । ३८ वर्ष लामो गणतन्त्रको सूर्य अन्तत: लाखौंलाख जनताको ज्यान गएपछि, जनताको रगतको पोखरीमा पुगेर १९६९ मा अस्तायो । हुवाँ कार्लोसको रूपमा राजतन्त्रको पुनरोदय भयो । आजको सम्पन्न स्पेन, आजको स्वस्थ स्पेनको जग गणतन्त्रवादीको निरङ्कूशतापूर्ण सोचको नाभीबाट उत्पन्न हुन बाध्य भयो ।

स्पेनको हावा थाइलैण्डमा पनि पुग्यो । राजा विरोधीहरूले १९३० देखि राजतन्त्रविरोधी आन्दोलन छेडे । थाइलैण्डमा राजालाई मार्नसम्म तम्सिने काम भयो । आतङ्क र अराजकताबाट बच्न राजावादीले नै राजालाई सत्ता त्याग गर्न सल्लाह दिए । राजाले थाइलैण्ड छोडेर भाग्न बाध्य हुनुपर्‍यो । राजाबिनाको थाइलैण्ड चल्यो, तर शान्ति हुनसकेन । मनलागी र मनपरी बढ्दै चढ्दै गयो । गृहयुध्दको आगोमा झुल्सिएको थाइलैण्डको माटो जनताको ज्यान र रगतले भिज्यो । रगताम्मे भयो । अन्तत: १९५८ मा राजालाई खोजेर ल्याउनु पर्‍यो । राजतन्त्रलाई सम्मानका साथ राखेर थाइलैण्डले शान्ति र स्थिरताको निश्वास फेर्‍यो । त्यसपछि आजसम्म थाईलैण्डले शान्ति र प्रगतिको पथमा मारेको फड्को प्रशंसनीय छ । बौध्दमार्गी थाइलैण्ड बुध्दलाई शान्तिको प्रतीक र राजसंस्थालाई प्रगतिका प्रतीक ठान्छन् । थाइलैण्डमा दल छन्, जनताको शासन पनि छ। तर राज्य राजाले गरेका छन्। त्यहाँ जनाधिकार पनि छ, लोकतन्त्र पनि छ। तथापि राजाको सम्मान घटेको छैन । बढ्दै गएको देखिन्छ ।

२०६३ सालमा राजा झुके, २०६५ सालमा गणतन्त्र कार्यान्वयन गरियो । शासन जनप्रतिनिधिका हातमा छ । जनप्रतिनिधि माफिया, तस्कर, भ्रष्टाचारी, अपराधीहरूको घेरा तोड्न सफल भइरहेका छैनन् । जसका कारण जातीय, भाषीय, क्षेत्रीय, धार्मिक र राजतन्त्र कि गणतन्त्र भन्ने द्वन्द्व बढ्दै गएको छ। अस्थिरता, अराजकता र कूशासन गणतन्त्रका विशेषता बन्न पुगे । जनताले राज्यबाट कुनै सेवा पाइरहेका छैनन् । सचेत हौं, नेपालमा इतिहास नदोहोरियोस् । यथार्थ के हो भने नेपालले अर्को परिवर्तन खोज्यो । *-डा.विनिता*

## एमपक्स संक्रमणबाट बचौं र बचाऔं

- विदेशबाट आउने जो कोहिमा एमपक्सको सम्भावित जोखिम हुने हुनाले अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं,
- जरो आउने, टाउको दुख्ने, शरीर सुन्निने, ढाड दुख्ने, मांसपेशी दुख्ने एमपक्स रोगका प्रमुख लक्षण हुन्,
- त्यस्ता लक्षण देखापरे स्वास्थ्य् परीक्षण गराऔं,
- एमपक्स अत्यन्तै संक्रामक रोग भएकाले संक्रमण हुनासाथ आइसोलेसनमा बसौं,
- घना बस्ती र सहरी क्षेत्रमा यसको संक्रमण छिटो बढ्ने भएकाले सचेतना बढाऊँ ।



नेपाल सरकार
विज्ञापन बोर्ड

